# गुराँस सरकार प्रमुख श्री टोप बहादुर वि.सी ज्यूले

# गुराँस गाउँसभा समक्ष प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८१/०८२

# को

# नीति तथा कार्यक्रम

## गुराँस गाउँपालिका

## दैलेख

## कर्णाली प्रदेश

मितिः २०८१/०३/१०

गुराँस गाउँपालिका

**गाउँ सभाका १४औं अधिवेशनमा उपस्थित सदस्य ज्यूहरु तथा**

**दर्शक दिर्घामा हुनुभएका आमन्त्रित महानुभावहरु।**

"समृद्ध गुराँस, सुखी गुराँसबासी" को मुल ध्येय र सामाजिक न्याय सहितको आर्थिक, सामाजिक रुपान्तरण एवमं समाजवादी अर्थ व्यवस्थाको आधारभुत पक्षहरुलाई आत्मसाथ गर्ने मार्गमा अगाडि बढिरहेको यस गुराँस गाउँसभाको १४औं अधिवेशनको यस ऐतिहासिक घडिमा "सुख, समृद्धिका लागि शासकीय सुधारः हातेमालो गरी फेरौं गुराँसको मुहार" भन्ने मुल दृष्टिकोणका साथ आ.व २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गरि रहँदा निकै गौरवको महशुस गरेको छु । यस अवसरमा सम्पुर्ण गुराँसवासी आमावुवा, दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक सम्मान प्रकट गर्न चाहान्छु।

गुराँस गाउँसभाको १४औं अधिवेशनको यस महत्वपुर्ण समयमा मुलुको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता, स्वाभिमान र समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्न इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलनहरुमा जीवन आहुति दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहिद एवमं राष्ट्रका समुतहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । यसैगरी, अधिकार प्रासिका विभिन्न आन्तोलनका क्रममा घाइते, अपाङ्ग र वेपत्ता भएका व्यक्तिहरु, ज्यानको प्रवाह नगरि अखण्ड कर्णाली प्रदेश स्थापनाकोो आन्दोलनमा सहभागि भई महत्वपूर्ण योगदान पुऱ्याउनुहुने वीर योद्धाप्रति समेत उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

आर्थिक वर्ष २०८१/८२को नीति तथा कार्यक्रम तय गर्दा संघीयताको मर्म एवं देशको संविधान, राज्यका निर्देशक सिद्धान्तहरु, दीगो विकासका लक्ष्यहरु, स्थानीय सरकार सञ्चालन ऐन २०७४, संघीय एवमं प्रादेशिक तहबाट जारी गरिएका योजनाका आधार पत्रका साथै विज्ञ, सरोकारवालाहरु, विकास साझेदार संघ संस्थाका अमुल्य सुझावलाई समेत आधार मान्दै गुराँस गाउँवासीको जनभावनालाई समेत गुराँस सरकारले अधिकतम समेट्न प्रयास गरेको छ।

गुराँसवासीको समग्र हित र स्वाभिमानको संरक्षण गर्ने, प्रशासनलाई विकास र सेवाग्राही मैत्री बनाउने, अनुत्पादक खर्च कटौती गर्दै मितव्ययिता कायम गर्ने, उपलब्ध श्रोत साधनको अधिकतम प्रयोग मार्फत आन्तरिक आय वृद्धि गर्ने जस्ता उद्देश्यहरुलाई नयाँ आर्थिक वर्षमा समेत निरन्तरता दिएको छ। आर्थिक वर्ष २०८०/८१ लाई सामाजिक एवं मानव विकास सुचांकका विविध आयामहरुमा काम सम्पन्न गर्ने यस वर्षमो लक्ष्य लिएका छौं । यस नीति तथा कार्यक्रमलाई विश्वस्तरमा अघि

बढाइएका दीगो विकासका १७ लक्ष्य तथा संघ र प्रदेश सरकारका नीतिहरुसँगको तादम्यता कायम राख्ने प्रयास गरिएको छ ।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

गुराँस गाँउपालिका स्थानीय सरकारको रुपमा स्थापना भएको करिव ८ वर्ष लाग्दैछ । स्थानीय सरकारको स्थापना सँगै जनताको हितमा काम गर्ने जति अवसर हामिलाई प्राप्त भएको छ, त्यति नै चुनौति समेत थपिएका छन् । जनताको पक्षमा जति असल काम हामी जनप्रतिनिधि र स्थानीय तहका राष्ट्रसेवक कर्मचारीले गर्न सक्छौं, त्यति नेपालको संघिय गणतन्त्रात्मक व्यवस्था स्थापित हुदै जाने कुरामा दुईमत छैन । जति सौहार्द, आत्मियता र आत्मविश्वास राजनीतिकर्मी एवं जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारी बीच बढ्दै जान्छ, त्यति सरकार र सरकारी संयन्त्र मात्र होइन राजनीतिक दल र व्यवस्था प्रति जनताको विश्वास पनि प्रगाढ हुँदै जाने कुरामा हामिले पूर्ण विश्वास गरेका छौं ।

यस अवधिमा स्थानीय तहको दोश्रो कार्यकालको लागि निर्वाचित भएको यो स्थानीय गुराँस सरकारले निर्वाचित हुनासाथ छोटो समयमै ल्याएको बजेट, नीति तथा कार्यक्रमको मसी सुक्न नपाउदै कार्यालय माथि हमला र निर्वाचित जनप्रतिनिधि र कर्मचारी माथि समेत सांघातिक आक्रमण, कार्यालय, जनप्रतिनिधी र कर्मचारीको समेत शान्ति सुरक्षाको चुनौति, बेरुजुको विशाल चाङ्गको सामाना गर्दै गुराँस सरकार दृढताका साथ जनताको पक्षमा काम गर्दै अघि बढिरहेको व्यहोरा यस सम्मानित सभा समक्ष सगौरब स्मरण गराउन चाहान्छु ।

निर्वाचित भई कार्यभार ग्रहण गर्दै गर्दा औपचारिक कार्यक्रम गर्ने एवं कार्यालय परिवार तथा जनप्रतिनिधि र कर्मचारी एकै ठाउँमा जम्मा भएर परिचय गर्ने स्थान वा हल समेत नहुँदा कर्मचारीको कार्यकक्षमै हामीले परिचय गरेको अवस्था थियो । कार्यलयको अनुगमनका क्रममा अधिकांश कर्मचारीको कार्यकक्ष नहुँदा कार्यालयको आँगन, पेटी, प्यासेजको दाँया बाँया उभिएर परिचय र बधाई तथा शुभकामना आदानप्रदान गर्नुपर्ने, बैठक कक्ष नहुँदा कर्मचारीको मासिक बैठक समेत अध्यक्षको कार्यकक्षमा कोचाकोच भएर गर्नु पर्ने, सेवाग्राहीका लागि बस्ने प्रतिक्षालय हुनु पर्नेमा उभिने र टेक्ने ठाउँ समेत नभएको, अध्यक्षको कार्यकक्षमा बैठक बस्दा पनि हावाहुरी र पानीको कारण बैठक बस्न नसकिने, बर्षाको समयमा अध्यक्ष उपाध्यक्षको कार्यकक्षमा समेत पानीको डुबानमा पर्ने लगायतका संकटपूर्ण अवस्था बाट हाल गुराँस सरकारले आफ्नै साधन स्रोतबाट पालिकाको सुविधा सम्पन्न कार्यालय र सेवाग्राही तथा आगन्तुक लोभ्याउने सम्मको जनमैत्री कार्यालय परिसर निर्माण गर्न सफल भएका छौं । छोटो समय अवधिमा आफ्नै कार्यालय भवन निर्माण गरि पुर्व प्रधानमन्त्री मा. के.पी ओली बाट भवन उद्धाटन गर्दै हाल सेवाग्राहीहरुले सहजरुपमा सेवा प्राप्त गर्न भएको छ। यस कार्यका लागि हाम्रो कार्यालय परिवारलाई धन्यवाद दिन गर्दछौं।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

गुराँस गाउँपालिकाको न्यायिक समितिको भौतिक संरचना र कार्यक्षमतामा अद्भुत छलाङ्ग हान्दै कर्णाली प्रदेशमै अब्बल अभ्यास गर्ने उत्कृष्ठ गाउँपालिकाको रुप स्थापना भएको तथ्य कर्णाली प्रदेश लगाएत देशका विभिन्न पालिकाले सिकाई भ्रमणका दस्तावेजले समेत देखाएको छ। यस कार्यमा गुराँस गाउँपालिका परिवारको ठुलो योगदान रहेकोछ।

जनताका अपेक्षाहरु असिमित छन् तर साधन स्रोत सिमित छन । पालिकाको आन्तरिक आयमा बिगत भन्दा करिब ५०% बृद्धि भएता पनि आवश्यकताको आधारमा निकै न्युन आय स्रोतको अवस्थामा हामी छौं । स्थानीय सरकारहरुलाई सक्षम र आत्म निर्भर बनाउने संघिय व्यवस्थाको मुल मर्मको बाबजुद हामी संघिय सरकार र प्रदेश सरकारको प्रत्यक्ष आश्रय र सहयोगमा स्थानीय सरकार संचालन गर्नु पर्ने अवस्थामा छौं । यस सँगै शिक्षा, स्वास्थ्य र लक्षित समुदायका कतिपय महत्वपूर्ण पक्षमा विकास साझेदार संघ संस्थासँग साझेदार गर्दै अघि बढ्नु पर्ने अवस्था छ । नेपाल सरकारले आत्मसात गरेको दिगो बिकास लक्ष्यलाई मार्गदर्शन गर्दै वार्षिक बजेट, नीति तथा कार्यक्रमको तर्जुमा गर्ने जिम्मेवारीलाई मध्यनजर गरी सोही अनुरुप यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

गुराँस सरकारले विगत २ आर्थिक वर्ष देखि अवलम्बन गरेका वार्षिक नीतिहरुको परिणाम स्वरुप सबै क्षेत्रमा सकारात्मक नतिजा देखिन थालेको छ । गुराँस सरकारका विगत २ वर्षको अवधिमा प्राप्त भएका उपलब्धिहरू र प्रारम्भिक नतिजाहरु उत्साहजनक छन् ।राजनीतिक नेतृत्व एवं प्रशासनिक संयन्त्र प्रतिको अविश्वास र निराशालाई क्रमशः आत्मविश्वास, आशा एवमं भरोषाले विस्थापित गर्दै जाने विश्वास हामी लिएका छौं। यस अवधिमा संघीय लोकतान्त्रिक गणतन्त्रको प्रमुख आधार मानिएको स्थानीय तहको दोस्रो कार्यकालको दोश्रो वर्ष सम्पन्न भई रहँदा अनेकौं अभाव, बाधा अड्चन र चुनौतीहरुको बावजुत सुशासनको बलियो जग निर्माण मार्फत विकास निर्माण र शासकीय सुधार गर्ने तर्फ महत्वपुर्ण उपलब्धिहरु हासिल भएका छन्।

गुराँस गाउँपालिकाले यस उप्रान्त देशको अर्थ व्यवस्था रेमिटान्स तथा विप्रेषण, अन्तरराष्ट्रिय दातृ निकाय र सिमित राजश्वमा मात्र निर्भिर रहदा जनताको घरदैलोको सरकार मानिने स्थानीय सरकारले समेत वित्तिय हस्तान्तरणमा नकरात्मक अस्थाको सामना गर्नु परेको छ । वास्तवमा स्थानीय सरकार हाम्रो जस्तो ग्रामीण भेग र दूरदराजका जनताको पक्षमा भौतिक विकास र मानव विकासको पक्षमा काम गर्ने एवं जन अपेक्षा पुरा गर्ने अचुक अस्त्र भएकाले यसको मर्म र भावनालाई आत्मसाथ गर्न सकेमा मात्र जनताले संघीय लोकतान्त्रिक गणतन्त्रको बास्तविक प्रतिफल महसुस गर्न सक्ने

छन् । आज हरेक स्थानीय तहले एक आपसमा भौतिक विकास र मानव विकासका सुचाङ्कमा एक अर्कालाई उछिन्ने प्रतिस्पर्धा गरिरहेको वर्तमान परिप्रेक्ष्यमा सबै क्षेत्रमा खरो रुपमा उत्रिनु पर्ने चुनौति सँग सँगै आफु सँग  भएको योग्यता क्षमता लाई उजागर गर्ने र आफ्नो गाउँ ठाउँको विकास सँगसँगै समाजको रुपान्तरण गर्ने अवसर हामी बिच विद्यमान छ ।

संघ, प्रदेश र स्थानीय तहको सहकार्य, सहअस्तित्व र समन्वयको जगमा उभिएको संघीय लोकतान्त्रिक गणतन्त्रको हाम्रो शासकीय व्यवस्था, विभिन्न चुनौतीले भरिपुर्ण बनेकोछ। वित्तिय हस्तान्तरणको मात्र विषय उठ्‌ान गर्ने हो भने पनि, स्थानीय तहले प्राप्त गर्नु पर्ने वित्तिय हस्तान्तरण समयमै र तोकिए बमोजिम उपलब्ध नहुँदा यसको असर गुराँस सरकारको बजेट कार्यान्वयनमा समेत परेकोछ। प्राप्त सिमा बमोजिम वित्तिय हस्तान्तरण नहुँदा चालु आर्थिक वर्षका कतिपय योजनाहरु सञ्चालन गर्न नसकिएको, कतिपय सञ्चालित आयोजना तथा कार्यक्रमहरुको समेत भुक्तानी प्रकृयामा असर गरि आगामी आर्थिक वर्षमा दायित्व सर्ने र नयाँ बजेट निर्माण प्रकृयामा समेत यसको गंभिर असर पर्ने देखिन्छ। यस प्रकारका विभिन्न वित्तिय चुनौतीका बावजुत, आ.व. २०८१।८२ मा गुराँस सरकारले प्राप्त श्रोत तथा साधनको अधिकतम उपयोग र परिचालको लागि नीतिगत व्यवस्था गरेकोछ।

भौतिक विकास तर्फ मात्र आकर्षण रहेको वर्तमान परिपेक्षमा हाम्रा जनतालाई समेत केवल बाटो, सडक, पुलपुलेसा र भवन निर्माण लगायतका भौतिक वस्तुको मात्रै प्रभाव पर्नु स्वभाविक हो । “भौतिक विकासले मानव चेतनाको सिर्जना गर्दैन तर मानव विकासले भौतिक विकासको सिर्जना गदर्छ” अर्थात “भौतिक विकास मानव विकासको उपज हो, मानव विकास भौतिक विकासको उपज होइन” भन्ने तथ्यलाई मध्यनजर गर्दै आगामी आर्थिक बर्षको बजेट, नीति तथा कार्यक्रममा शिक्षा, स्वास्थ्य, लक्षित वर्ग, महिला तथा बालबालिकाको क्षेत्रलाई प्रोत्साहन गर्ने केही प्रभावकारी कार्यक्रमका साथ युवापंक्तिलाई सिप, श्रम र रोजगार एवं स्वालम्बी भई बाँच्न, आत्मनिर्भर रहने बिगत आर्थिक वर्षका कार्यक्रमहरुलाई समेत यस तर्फ लक्षित गरी आगामी तीन वर्ष भित्र पूर्ण रोजगार, पूर्ण सरसफाई र पूर्ण शिक्षित र सक्षम गाउँपालिकामा रुपान्तरण गर्ने तर्फ यो नीति तथा कार्यक्रम उन्मुख रहेको जानकारी यस सम्मानित सभा समक्ष गराउन चाहान्छौं ।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

विगत २ आर्थिक वर्ष देखि जनतालाई संभव भए सम्म सबै क्षेत्रको सेवा स्थानीय वडाबाटै प्रवाह गर्ने प्रयास गरिएको छ । वडा कार्यालयबाटै सामाजिक सुरक्षा भत्ता वितरण, योजना सम्झौता, सामुदायिक विद्युतिकरण सेवा, गर्भवती स्वास्थ्य जाँच तथा भिडियो एक्सरे सेवा, जेष्ठ नागरिक स्वास्थ्य जाँच सेवा, निःशुल्क आखा शिविर, अल्ट्रा साउण्ड सेवा, अशक्त तथा अपांगता भएकाको उपचार स्वास्थ्य शिवीर,

अनलाइन सिफारिस लगाएका विभिन्न सेवा प्रवाहको स्थानीय वडाबाटै कार्य सम्पादनको प्रारम्भिक थालनी गरिएकोमा यस आर्थिक वर्षमा समेत यस्ता कार्याक्रमहरु थप परिस्कृत गर्दै निरन्तरता दिइनेछ।

**"घर घर धारा हाम्रो अविभारा"** अभियानको दोश्रो चरण सम्म करिव १५०० घर धुरीमा खानेपानी सेवा प्रदान गरिसकिएको छ। यस आर्थिक वर्षमा समेत यस कार्यलाई थप प्रभआवकारी ढंगले अघि बढाउँदै गुराँसवासीको स्वच्छ खानेपानीको पहुँच विस्तार गरिनेछ।

प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमको कमजोर कार्यसम्पादनको आरोप लाग्ने अवस्थालाई चिर्दै श्रम तथा रोजगार बैङ्क स्थापना संगै अत्यन्त प्रभावकारी र उपलव्धि मुलक ठोस कामहरु सम्पन्न भएका छन् ।

गत वर्ष कृषि क्षेत्रमा करिव ५ करोड, शिक्षा क्षेत्रमा करिव ....स्वास्थ्य क्षेत्रमा करिव .........शासकिय सुधार तर्फ .................. धारा तथा सरसफाई अभियान निर्माणका लागि साझेदारी सम्झौता लगायत विभिन्न महत्वपुर्ण कार्यहरु प्रारम्भ भएका छन्। पालिकामा जिल्ला स्तरिय कृर्षी विकास तथा तालिम केन्द्रको स्थापना संगै रोजगार सृजना गर्न सवै शाखाहरु अन्तर्गतका कामहरु लाई प्रभावकारी ढंगबाट संचालन गरिएकोछ। यस विचमा अन्तरदेशीय र अन्तर्राष्ट्रियस्तरको पर्यटन विकास र प्रचारप्रसार तथा अन्तरदेशीय वा अन्तर्राष्ट्रिय भगिनी सम्बन्ध स्थापित गरी एक आपसमा सामाजिक, साँस्कृतिक र आर्थिक सम्वन्ध स्थापीत गर्न आधिकारीक पहल अघि बढाइएको छ ।

गाउँपालिका स्थापना दिवस लाई हर्षको रुपमा मनाउने प्रचलनको सुरुवात गरिएको छ। यस गरि विभिन्न विकास साझेदारसंगको सहकार्य र समन्वयमा गुराँस भु—उपयोग नीति निमार्ण, आवधिक योजना तथा मध्यमकालिन खर्च संरचनाको निर्माण, संगठन तथा व्यवस्थापन सर्भेक्षण लगाएतका महत्वपुर्ण दस्तावेजको निर्माण कार्य सम्पन्न गरिएकोछ। यस कार्यले आगामी दिनमा स्थापित हुने राजनीतिक तथा प्रशासनिक नेतृत्वलाई उत्कृष्ट कार्यसम्पादनका लागि मार्गदर्शनको रुपमा सहयोग पुर्याउनेछ।

यस अवधिमा करिब ५०% खर्च कटौती, ७५% बेरुजु न्युनिकरण, लिजा, FRA, LED लगायतका स्वमूल्याङ्कन सूचाङ्कमा हामीले उल्लेखनीय सुधार गर्न सफल भएका छौं। नीति, विधि र कानूनी व्यवस्थाको सवलिकरण संगै प्रशासनीक सुधारको दिशामा गुराँस गाउँपालिकाले बलियो जग बसाल्न सफल भएको कुरा यस सम्मानित सभा समक्ष निवेदन गर्दछौं।

गुराँस सरकारले विगत २ वर्षको अवधिमा विकास निर्माण तथा शासकीय सुधारको लागि आवश्यक विभिन्न ऐन— १६, निर्देशिका —३, कार्यविधि— २९ र सूचक— १ वटा निर्माण गर्ने महत्वपूर्ण कार्यहरु सम्पन्न गरेकोछ। अन्य आवश्यक ऐन, नियम, कार्यविधि आ.व. २०८१/०८२ को पुष मसान्त सम्म सम्पन्न गर्ने र चालु आर्थिक वर्षको सार्वजनिक सुनवाई वडादेखि पालिकास्तरमै सम्पन्न गरी प्राप्त सवै वडा, पालिका भरका विषयगत क्षेत्र, शाखा लगायतको कार्य प्रगति विवरण, विषयगत तथा शाखाहरुको हरेक चौमासिक रुपमा र समग्र आ.व. को विस्तृत विवरण हरेक आ.व. को अन्तमा जनता समक्ष पेश गर्ने हेतुले प्रकाशित गर्ने कामको थालनी समेत गरिएको छ। चालु आ.व. को पूर्ण कार्य प्रगति विवरण आ. व. समाप्त भएको १ महिना भित्र प्रकाशित गरिने व्यहोरा समेत सम्मानित सभा समक्ष अवगत गराउँदछु।

**सभाका सदस्य ज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०८१/०८२  को लागि प्रस्तावित विषयगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**१. सामाजिक तथा आर्थिक विकासः**

**१.१ आर्थिक विकास**

आर्थिक विकास अन्तर्गत कृषि उत्पादन  र पशुपंक्षी पालन कार्यलाई प्रमुख आय आर्जनको आधार मान्दै गुराँस गाँउपालीका भरका सवै जनता लाई कृषी निर्वाह र गुजारा मुखि उत्पादनको अवस्था वाट रोजगार र व्यवसायीक तथा आत्मनिर्भर बनाउने नीती अवलम्वन गरिनेछ । यस पक्षलाई आत्मसाथ गर्दै आगामी ५ वर्षे आवधिक र १५ वर्षे रणनीतिक कृषि गुरु योजना निर्माण गरि दृघकालीन कृषि योजनाका साथ अघि वढाइनेछ ।

**(क) कृषि  तथा  पशु पंक्षी**

१. कृषि र पशुपंक्षी क्षेत्रलाई आर्थिक विकासको प्रमुख आधारको रुपमा विकास गर्न उचित कार्यक्रमको तय गर्दै बजेटको व्यवस्था गरिनेछ ।

२. कृषि, वन, कृषी पर्यटन, कृषि रोजगार, कृषी व्यवसायलाई एकिकृत उद्यम र रोजगारको रुपमा कार्यक्रम संचालन गरिनेछ ।

३. **"बाँझो जमिनको प्रयोग, उत्पादनमा सहयोग"** कार्यक्रम लाई निरन्तरता दिदै जग्गाको तथ्याङ्क संकलन गरि भूमि बैंक प्रणाली  अन्तर्गत व्यवस्थापन गरिनेछ । हावापानी अनुसार कफी तथा चिया



गुराँस गाउँपालिका

खेति लगाएतका विभिन्न नगदे र रोजगार तथा उद्यम प्रदायक वालिनाली लाई उच्च प्राथमिकताका साथ प्रवर्दन गरिनेछ ।

४. **"कृषकसँग अध्यक्ष कार्यक्रम"** लाई थप प्रभावकारी बनाउन कृषि अनुसन्धान तथा विकास केन्द्र घोडावासलाई कृषीको मुख्य केन्द्रको रुपमा विकास गर्दै लगिनेछ । जस अन्तर्गत जग्गा व्यवस्थापन, दक्ष जनशक्तीको व्यवस्थापन, यान्त्रिकरण, प्रशोधन, माटो परीक्षण, न्युनतम बजार मुल्य निर्धारण, कृषि उपज संकलन केन्द्र, पशु हाट र प्रभावकारी बजारीकरणका लागि आवश्यक बजेट विनयोजन गरिनेछ ।

५. **"रैथाने बाली लगाऔं, भविष्य जोगाऔं"** कार्यक्रम अन्तर्गत रैथाने बाली लगाउन प्रोत्साहन गरी उत्पादित कृषि उपजको बजारीकरण र संरक्षण गर्न रैथाने बाली विऊ तथा जिन बैङ्कको स्थापना गरिनेछ । उत्पादित वस्तु वितरण का लागी संकलन केन्द्र तथा रैथाने कोशेली घर स्थापना गर्नुको साथै, प्रादेशिक तथा केन्द्रिय राजधानीमा बजारीकरणका लागि होटेल व्यवसाय तथा डिपार्टमेन्ट स्टोर संग समन्वय गरिनेछ ।

६. **"व्यवसाय पशुजन्य, आर्यआर्जन मनग्य"** कार्यक्रम अन्तर्गत कृषकहरुलाई पशुपालन व्यवसायमा आर्कषित गर्न पशुको नश्ल सुधार, रोग निदान, घुम्ति पशु स्वास्थ शिविर, पशु घटना दर्ता अभियान, उन्नत जातको बोका राँगा वितरण तथा गाइभैंसीमा नव प्रविधिबाट नश्ल सुधार गरिनेछ। कृषि तथा पशु विमालाई साझेदारी मार्फत प्रभावकारी रुपमा विस्तार गरी सबै कृषकको पहुँचमा पुऱ्याउने नीति अवलम्वन गरिनेछ ।

७. **"किसानको रहरः पहुँचमा शहर"** अभियान अन्तर्गत कृषी सहकारी संस्था , सामुदायक तथा निजी फर्म मार्फत थप कृषिजन्य, दुग्धजन्य बस्तुको व्यवस्थापन, शित भण्डार तथा हाट बजारको माध्यम वाट उत्पादक र उपभोक्ताबीच सिधा सम्पर्क बढाउन सहकारी र निजी क्षेत्रको सहयोगमा नजिकका सम्भावित शहरहरुमा वजार व्यवस्थापनका कार्यको थालनी गरिनेछ ।

८. **"नदीजन्य कृषि, आयमा वृद्धी"** भन्ने नारा सहित बलौटे माटोमा उत्पादन हुने तर्बुजा, बदाम, सखरखण्ड लगाएत तरकारी तथा फलफुल खेती र असला माछा, बंगुर, पोल्ट्री, केरा जस्ता विभिन्न प्रकारका बहुमुखी खेती प्रणालीको सम्भावना अध्ययन गरि एकिकृत पर्यावरण प्रणार्लीको संरक्षण र विकास गरि कृर्षि उत्पादन लाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।

९. **"घर घरको शान, कृर्षि वगैचा हाम्रो पहिचान"** कार्यक्रम अन्तर्गत सिट्रस जातका विरुवा, किवी, ओखर, एभोकाडो, आँप, लिच्ची लगायत स्थानीय स्तरका रैथाने प्रजातीका मौसमी तथा बेमौसमी फलफूलका विरुवा रोप्न प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।

१०. रसायनिक विषादीको प्रयोगलाई न्युनिकरण गर्न प्राङ्गारिक तथा जैविक मल उत्पादनका लागि कृषि समूह, कृषि सहकारी र निजी क्षेत्रलाई प्राङ्गारिक मल उद्योग स्थापना गर्न आकर्षित गर्ने नीति निर्माण तथा राजश्व छुटको व्यवस्था गरिनेछ ।

११. दलित, जनजाति तथा अल्पसंख्यक समुदायका व्यक्ति र महिलाको नाममा दर्ता भई नियमानुसार सञ्चालनमा रहेका व्यावसायिक फार्महरूको स्तरोन्नतिको लागि आवश्यक सहयोग गरिनेछ।

१२. **"एक घर एक कृषी उत्पादन , एक टोल एक कृषी उद्योग"** नीति अवलम्वन गरि आत्मनिर्भर स्थानीय कृषि अर्थतन्त्रको निर्माण गरिनेछ । साथै विधालय, वन उपभोक्ता समिती, सहकारी र कृषि फर्महरू लाइ कृषी उपजका कृयाकलापमा अनिवार्य रूपमा सहभागि गराउने नीति अवलम्वन गरिनेछ।

१३. गुराँस गाउँपालिकाबाट सहुलियत ऋण तथा अनुदान तथा साझेदारी रकम लिएका कृषि, पशुपंक्षी, साना तथा मझौला उद्योग जस्ता निजी फार्म ,व्यक्ती वा कम्पनीले उदेश्य अनुरुप कार्य गरिरहेको हकमा थप प्रोत्साहन गरिनेछ । यस उप्रान्त सहुलियत ऋण अनुदान रकम दुरुपयोग भएको पाइएमा कारबाही वा रकम असुल उपर गर्ने र असुलीका सवै प्रकृया अवलम्वन गर्ने नीति अंगिकार गरिनेछ ।

१४. केन्द्रिय तथा प्रादेशिक कानूनी व्यवस्थाका आधारमा गुराँस गाउँपालिकामा गाँजा खेती लगाएत जडुबुटीजन्य कच्चा पदार्थको संभावनाहरुको पहिचान, विकास र बजारीकरणको कार्य अघि बढाइनेछ।

१५. गुराँसवासी युवाहरुलाई स्वरोजगार र रोजगार बनाउन गुराँस रोजगार मेलाको अवधारणामा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**(ख) पर्यटन**

गुराँस गाँउपालीकालाई पर्यटकिय क्षेत्रको रुपमा घोषणा गर्न कृषी, पर्यटन, वन तथा पर्यापर्यटन, साँस्कृतीक पर्यटन, शाहसीक पर्यटन, प्रकृती र सम्पदा पर्यटन, निजी तथा व्यवसायीक पर्यटन जस्ता क्षेत्रलाई प्राथमिकतामा राखी गाँउपालिकाको दोश्रो आर्थिक विकासको आधारको रुपमा प्राथमिकता दिदै २५ वर्षे पर्यटन रणनीतिक योजना निर्माण गर्दै पर्यटन क्षेत्रमा प्रभावकारी नतिजा हासिल गर्ने लक्ष्यका साथ कानुनी तथा बजेटगत व्यवस्था गरिनेछ ।

१. गाउँपालिका भित्र रहेका सम्भावित पर्यटकीय स्थलहरुको पहिचान, विकास, प्रचारप्रसार, प्रकाशन, प्रोफाइल निर्माण गरी एकीकृत पर्यटकीय सर्किट विकास गर्दै आन्तरिक पर्यटनलाई विकास तथा प्रवद्धन गर्ने नीति अवलम्वन गरिनेछ ।

२. पालिकाभित्रका सबै महत्वपूर्ण पर्यटकिय स्थलहरुको प्रचारप्रसार, संरक्षण तथा प्रवर्द्धन गर्ने र पर्यटनका आधारभुत पुर्वाधार निर्माण गरि गुराँस पर्यटन क्षेत्र घोषणा गर्न संघीय र प्रदेश सरकारसँग आवश्यक पक्रिया र बजेटको लागि पहल गरिनेछ ।

३. यस क्षेत्रलाई हिल स्टेशनको रुपममा विकास गर्दे कर्णाली नदिमा र्याफ्टिङ्ग तथा डुंगेश्वर देखि राकम जलयातायात संचालन को लागी आवश्यक पहल गरिनेछ । जिपलाइन, प्यारागलाइडिङ्ग, बन्जी जम्पिङ्ग, माउन्टेन बाइकिङ, क्लाइम्बिङ्ग तथा म्याराथुन जस्ता साहसिक खेल पर्यटन मार्फत आन्तरिक पर्यटन प्रवर्द्धन गर्न संभाव्यता अध्ययन गरी निर्माण कार्य समेत अघि बढाइनेछ ।

४. साँस्कृतिक पर्यटन, कृषि पर्यटन, धार्मिक पर्यटन, प्राकृतिक पर्यटन, जलपर्यटन, साहसिक पर्यटन, वन तथा पर्या पर्यटन सफारी पर्यटन लगायतका वहुआयामिक क्षेत्रको पहिचान गरी पर्यटन व्यवसायको विकास गर्न संघ सस्था, समुदाय तथा निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गर्न आवश्यक श्रोत तथा जनशक्ती परिचालन गरिनेछ ।

५. गुराँस गाउँपालिका अन्तर्गत विभिन्न स्थानमा वनभोज स्थल, पदमार्ग, पार्क तथा वोटानिकल पार्क तथा नमुना होमस्टे निर्माण गरि पर्यटक आर्कषणका कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

६. गुराँस गाउँपालिकामा पाल्नु हुने विशिष्ट पाहुनाहरुको लागि गुराँस पाहुनाघर, गुराँस परिकार हाउस, पर्यटक खाजाघर संचालन तथा निर्माण र स्थानीय उत्पादन मेला, परिकार उत्सव तथा कला संस्कृति प्रतियोगिता एवं महोत्सव संचालन गरिनेछ । साथै यस क्षेत्रमा पर्यटक आउने मुख्य क्षेत्र सुर्खेत, वाँके, वर्दिया र भारत का उत्तर प्रदेश क्षेत्रमा विशेष प्रचार प्रसारका कार्यक्रम संचालन गरिनेछ ।

७. पर्यटन सुचना केन्द्र, पर्यटन संग्रहालय, पर्यटन कोशेली घरको स्थापना गरी स्थानीय रैथाने उत्पादन, कला संस्कृति, परिकार र पर्यटकिय क्षेत्रको राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा बजारीकरण गरिनेछ।

८. पालिका र वडाको सवै मुख्य वाटो प्रवेश द्धार र सिमानामा विशेष आर्कषक पहिचान सहितको गेट निर्माण, पर्यटकीय सुचना वोर्ड तथा चिन्ह राख्ने कार्यलाई अघि बढाइनेछ।

९. लोपउन्मुख राउटे समुदाय लगाएत गाँउपालिका भरका मुख्य जनजाती र खस आर्यको संस्कृति झल्कने संग्राहालय, वृतचित्र आदिको क्रमागत रुपमा निर्माण, प्रवर्द्धन र सम्बर्द्धन गरिनेछ ।साथै गुराँस गाउँपालिका भित्र राउटे समुदाय लाई स्थायी वसोवास गराई अनुसन्धानकर्ता तथा पर्यटकलाई आकर्षित गर्ने नीति अवलम्वन गरिनेछ ।

१०. रैथाने उत्पादनबाट तयार गरिएका परिकारको प्रचारप्रसार गर्न खानाको परिकार महोत्सव र गुराँसको सिजनमा गुराँस महोत्सव, हिउँ महोत्सव, काफल तथा आलु फेस्टिबल लगायत पर्यटक आकर्षणका विभिन्न स्थानीय परिकार प्रवद्धन कार्यक्रम आयोजना गरी पर्यटक आकर्षित गरिनेछ ।

११. गुराँस गापाको मुख्य जल प्रवाहको क्षेत्र पराजुली खोला वा लोहोरे खोला आसपास लगाएतका उपयुक्त क्षेत्रमामानव निर्मित ताल निर्माण गरी एकीकृत पर्यटन तथा आयमुलक बहुउद्देश्यीय कार्यक्रमका लागि विस्तृत अध्ययनको काम अघि बढाइनेछ ।

१२. गुराँसे वजार क्षेत्र र हरेक वडाका वजार क्षेत्र लगायत पर्यटकीय क्षेत्रमा सरसफाई र हरियाली विशेष कार्यक्रम संचालन गरिनेछ।

१३. गाँउपालिका भरका सवै पर्यटकिय क्षेत्रमा विशेष सरसफाई अभियान र कार्यक्रम संचालन गरिनेछ ।

१४. गुराँसे तथा रानीमत्ता क्षेत्रका आगन्तुक पर्यटक एवं सेवाग्राहिको सहयोगको लागी गाँउपालिकामा पर्यटन प्रवद्धन शाखा स्थापना गरि आगन्तुकको सेवा, सहयोग र सत्कारका विशेष कार्यक्रम समेत संचालन गरिनेछ । साथै, गुराँस पर्यटन बोर्डको स्थापना मार्फत पर्यटकीय संभावनाहरुलाई अध्ययन, विकास एवमं प्रचारप्रसारमा जोड दिइनेछ।

१४. यस आर्थिक वर्षमा गुराँस गाउँपालिकाको पर्यटकीय संभावनाको प्रचार प्रसार गर्ने उद्देश्यका साथ "गुराँस पर्यटन संवाद तथा साहित्य मेला" आयोजना गरिनेछ।

१५. गुराँस गाउँपालिकामा होटेल व्यवसायीहरुलाई लगानीका लागि आकर्षित गर्न नक्सापासमा विशेष छुटको व्यवस्था सहित ३ वर्ष आयकर छुट गर्ने तथा निर्माण सम्पन्न प्रमाणपत्र निशुल्क उपलब्ध गराइनेछ।

**(ग) उद्योग तथा वाणिज्य**

१. संभाव्यता अध्ययनको आधारमा **"एक वडा-एक उद्योग"** को नीति अवलम्वन गरिनेछ । गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) मार्फत् स्थानीय श्रम, सीप र प्रविधिको

अत्याधुनिक दक्षतापूर्ण उपयोगी कार्यक्रम लागू गरी आगामी वर्ष बन उपोक्ता समिती , सहकारी तथा समुहहरु संग साझेदारीमा स्वरोजगार तथा आय एवं सीप परीक्षण गरि  सवै वडामा स्थानीय विशिष्टता को आधारमा  रोजगार तथा शिप मुलक उद्योग स्थापनामा जोड दिइनेछ ।

२. “” को मुल नाराका साथ कृषि, पर्यटन तथा अन्य क्षेत्रमा व्यवसाय सञ्चालन गरिरहेका र नयाँ व्यवसा**उद्यमी महिला, समृद्ध परिवार**य शुरु गर्न चाहने महिला उद्यमी लागि आवश्यक तालिम, प्रविधि हस्तान्तरण, बिउ पुँजी, सहुलियत ब्याजदरमा ऋण जस्ता प्रावधान र प्रविधी सहित **“उपाध्यक्ष महिला उद्यमी कार्यक्रम”** सञ्चालन गरिनेछ ।

३. पालिकामा क्रसर उद्योग, ब्लक उद्योग, फर्निचर उद्योग तथा ढुङ्गाहरूको उत्खनन् र प्रशोधन उद्योग स्थापना गरिनेछ । आयमुलक सिमेण्ट तथा कंत्रिट जन्य तालिम केन्द्र समेत उद्योगहरु संगको साझेदारीमा संचालन गरिनेछ ।

४. पालिका भित्रका सामुदायीक वनहरुमा खेर गइरहेका काठहरुको उपयोग गर्न वन पैदावारमा आधारित उद्योगहरूः अल्लो तथा सिस्नो प्रशोधन उद्योग, आलु चिप्स उद्योग, जुस उद्योग, छुर्पी उद्योग, मसला उद्योग, ब्रोइलर दाना उद्योग, दालमोठ उद्योग, टमाटर सस उद्योग, वाइन उद्योग, जडिवुटी प्रशोधन, अदुवा, अमला क्यान्डी, जाम, जेली, अचार उद्योगको विकास गरिनेछ।

५. सार्वजनिक निजी साझेदारी कार्यक्रम मार्फत् कृषि तथा पशुपालन क्षेत्रमा निजी क्षेत्रको लगानी भित्र्याउन **“गुराँसमा लगानी, हुनेछ आम्दानी”** कार्यक्रम लाई निरन्तरता दिदै  लगानीकर्ता आकर्षित गर्ने नीतिलाई अविलम्वन गरिनेछ ।यसका लागि “गुराँस लगानी सम्मेलन” को आयोजना गरिनेछ ।

६. औद्योगिक क्षेत्रको विकासका लागि नीतिगत र संस्थागत प्रवन्ध गरी संघीय तथा प्रदेश सरकारहरुको समन्वयमा औद्योगिक ग्राम स्थापनाका लागि सम्भाव्यता अध्ययन गरी सञ्चालनका लागि संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ। साथै पालिकाको पहलमा मिनी औद्योगिक ग्रामको संभाव्यता अध्ययन र निर्माण गरिनेछ।

७. स्थानीय श्रोत र साधनको उपयोग गरि नेपाली कागज तथा कोरा कागजजन्य हस्तकला उद्योगको स्थापना गरिनेछ ।

८. निजि क्षेत्रको सक्रिय सहभागिता अभिवृद्धि गर्न गुराँस उद्योग वाणिज्य संघलाई सक्रिय बनाई सबै बजार तथा व्यवसायिक केन्द्रका उद्यमी व्यवसायीलाई दर्ता प्रक्रियामा सामेल गर्न विशेष अभियान संचालन गरिनेछ ।

९. शुद्ध पिउने पानीको व्यवस्था गर्न साझेदार संस्था पहिचान गरि पानी प्रशोधन तथा पेय पदार्थ उद्योगको स्थापना गरिनेछ ।

१०. सरकार र निजी क्षेत्रको बलियो साझेदारीबाट उत्पादन तथा उत्पादकत्व अभिवृद्धि र रोजगारी सिर्जना मार्फत पालिकालाई आर्थिक रुपमा सवल बनाइनेछ।

११. ढुङ्गा खानीको संरक्षण, प्रवर्द्धन, व्यावसायिक उत्खनन् तथा निकासीको माध्यमबाट आय र रोजगारी सिर्जना हुने नीतिगत तथा कानूनी व्यवस्था मिलाइनेछ ।

**(घ) सहकारी तथा वित्तीय क्षेत्र**

१. सहकारी क्षेत्रको समग्र क्षमता विकासका लागि यस क्षेत्रसंग सरोकार राख्ने संघ, संस्था, साझेदार निकायबीच समन्वय र साझेदारी गरि प्रभावकारी ढंगमा कार्यक्रम संचालन गर्न नीतिगत व्यवस्था गरिनेछ ।

२. सहकारी क्षेत्रको सहभागिता र विकास मार्फत स्थानीय स्तरमा छरिएर रहेको श्रम, सीप, प्रविधि र पुँजीलाई एकीकृत गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गरिनेछ।

३. उद्यमशीलता विकास र स्थानीय पर्यटन प्रवर्द्धनमा सहकारीको भूमिका बढाउदै लगिनेछ। सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै विकास कार्यमा परिचालन गरिनेछ।

४. सहकारी संस्थाहरुलाई बचत तथा ऋणमा मात्र सिमीत नराखी उद्देश्यमुलक, विषयगत तथा बहुउद्देश्यीय सहकारी सञ्चालनमा जोड दिनुका साथै त्यस्ता सहकारीको वैज्ञानिक मुल्याङ्कन प्रणालीका आधारमा प्रोत्साहन अनुदान दिइनेछ ।

५. आर्थिक विकासका हरेक क्रियाकलापमा सहकारी संस्थाहरुलाई आवद्ध गराउँदै निजी, सरकारी र सहकारी साझेदारी कार्यक्रम लागू गरिनेछ । पालिकाभित्र छरिएर रहेका सम्पूर्ण सहकारीको छाता संगठन बनाई क्रियाशील गरिनेछ । उद्देश्य अनुरुप सञ्चालनमा नरहेका सहकारीहरुलाई खारेजी प्रकृयामा लगिनेछ।

६. गुराँसमा पनि कार्यक्षेत्र बनाई बाह्य क्षेत्रबाट सञ्चालित वित्तिय संस्था तथा लघुवित्तिय संस्थाको तुलनामा स्थानीय सहकारीहरूको सेवालाई प्रभावकारी बनाउने नीति ल्याइनेछ ।

७. सहकारी संस्था मार्फत वितरण गरिने मल, बिउ, कृषि औजार, प्रविधि लगायतका विभिन्न कृषि जन्य उत्पादन र वितरणका कार्यक्रममा विषेश गरि कम्पोष्ट मल उत्पादन लाई अनुदानको व्यवस्था गरिनेछ ।

८. सहकारी संस्था मार्फत संचालित सहुलियत खाद्य पसल, मिल उद्योग तथा कृषि जन्य उत्पादनका बिक्रि केन्द्रलाई थप व्यवस्थित गर्नुका साथै उत्कृष्ट रुपमा सहुलियत खाद्य पसल संचालन गर्ने सहकारी संस्थालाई सम्मान र प्रोत्साहन अनुदान दिनुका साथै लागत तथा आम्दानीमा साझेदारी गरिनेछ। तर पालिकाबाट भएको लागत सहभागिता वा अनुदानको सदुपयोग नभएमा सबै सुविधाबाट बन्चित गर्ने नीति लिइनेछ ।

९. सहकारीसँग सहकार्य गरी उत्पादनमुखी र पालिकाको आन्तरिक आम्दानीमा सघाऊ पुऱ्याउने क्षेत्रमा विभिन्न साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

**(२) सामाजिक विकास**

**(क) शिक्षा**

१. गुराँस गाउँपालिकाका शैक्षिक क्षेत्रका विभिन्न समस्या समाधान तथा व्यवस्थापन गर्न **"अध्यक्ष शैक्षिक सुधार कार्यक्रम"** लाई निरन्तरता दिइनेछ। जस अन्तर्गत शिक्षा क्षेत्रको संगठन र व्यवस्थापन सर्भेक्षण गरी आवश्यक मात्रामा मात्र शिक्षक र कर्मचारीको व्यवस्थापन कार्य अघि बढउने, राहत कोटामा कार्यरतहरूसँग समन्वय गरी शिक्षककै तलवबाट विशेष कोष स्थापना र व्यवस्थापन गर्ने, विद्यालय संचालन कार्यलाई थप प्रभावकारी ढंगले संचालन गर्न विद्यालय एकीकरण कार्यलाई प्रोत्साहित गर्दै मेगा विद्यालयको अवधारणाका आधारमा यातायातको पहुँच र आवासीय विद्यालय स्थापना संगै एकिकरणा तथा मजर्र अभियान संचालन गरिनेछ ।

२. शिक्षक र विद्यालय कर्मचारीको व्यवस्थापन गर्न विशेष प्याकेज कार्यक्रम ल्याइनेछ। साथै प्रधानाध्यापकको लागि विज्ञापन गरि प्रतिष्पर्धाका अधारमा योग्यता र क्षमताको आधारमा विद्यालयको नेतृत्त्व प्रदान गरिनेछ ।

३. गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुको पूर्वाधार विकास, शैक्षिक गुणस्तर अभिवृद्धि, प्राविधिक, सीपमुलक र प्रविधिमैत्री, नैतिक शिक्षा र सदाचारमा आधारित शिक्षामा जोड दिइनेछ र विद्यालयको वातावरणलाई हरभरा बनाउन **"हरियाली विद्यालय विशेष कार्यक्रम"** लागू गरिनेछ ।

४. सामुदायिक विद्यालयका सार्वजनिक खाली जग्गाहरु आय आर्जन गर्ने प्रयोजनका लागि निश्चित अवधिको सम्झौता गरी उपयोग गर्ने व्यवस्था गरिनेछ ।

५. शैक्षिक संस्थाहरुको आधारभूत आवश्यकताहरु पूरा गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि, सुशासनमैत्री, प्रविधिमैत्री, बालमैत्री, किशोरीमैत्री, अपाङ्गतामैत्री, स्वच्छ खानेपानीयुक्त र वातावरणमैत्री विद्यालय संरचना बनाई प्राविधिक शिक्षा, उच्च शिक्षा, अंग्रेजी माध्यममा शिक्षा, विद्यालय सुधार कार्यक्रम, किशोरी शिक्षा कार्यक्रम (प्रौढ शिक्षा), अविभावक शिक्षा, निरन्तर तथा वैकल्पिक शिक्षा कार्यक्रम, बालविकास केन्द्रको भौतिक सुदृढिकरण, स्थानीय पाठ्यक्रम विकास, नैतिक शिक्षा जस्ता नविनतम शिक्षण विधिको अनुशरण गरिनेछ।

६. आवश्यकता र औचित्य तथा योग्यता र क्षमताको आधारमा शिक्षक र विद्यालय कर्मचारीको समेत दरबन्दी मिलान गरि कार्यसम्पादन मुल्याङ्कनका आधारमा शिक्षक-कर्मचारी प्रोत्साहन कार्यक्रम, बाल विकास शिक्षक, सक्रिय अभिभावक तथा विद्यालय व्यवस्थापन समितिलाई प्रोत्साहन कार्यक्रम संचालन गर्ने नीति लागू गरिनेछ । विद्यालय कर्मचारीको नियमित कार्यसम्पादन मूल्याङ्कन पद्दति विकास गरी सम्मान, प्रोत्साहन वा दण्डको व्यवस्था गरिनेछ ।

७. ५० बर्ष उमेर पुगेका तथा २० बर्ष सेवा अवधि पुगेका शिक्षकहरुलाई पेन्सन प्रोत्साहन तथा विशेष उद्यम सहित अवकास कार्यक्रम संचालन गरिनेछ ।

८. गुराँसको कला संस्कृति, साहित्य र सम्पदालाई प्रवर्द्धन, सम्वर्द्धन तथा संरक्षण गर्न गुराँस प्रज्ञा तथा साँस्कृतिक प्रतिष्ठान गठन गरिनेछ ।

९. **"हामी बनाउँछौः हाम्रो विद्यालय, राम्रो विद्यालय"** भन्ने अभियानका साथ पालिका भित्रको समग्र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, शिक्षक, विद्यार्थी र अभिभावकहरुका बिच व्यापक रुपमा अन्तरक्रिया तथा तालिम प्रशिक्षण कार्यक्रम संचालन गरि विद्यालय तथा विद्यालय परिवारको एवं व्यवस्थापन समितिको समेत क्षमता अभिवृद्धी गरिनेछ ।

१०. सबै विद्यालयहरुलाई अनिवार्य रुपमा विद्यालय सुधार योजना तथा कार्यक्रम निर्माण गर्न लगाई त्यसमा निर्दिष्ट लक्ष्यहरु हाँसिल गर्नका लागि पालिकाबाट निरन्तर अनुगमन, मूल्याङ्कन र पृष्ठपोषणमा जोड दिइनेछ ।

११. सामुदायिक विद्यालयले अंग्रेजी माध्यमबाट शिक्षा दिन सुरुवात गरेमा त्यस्ता विद्यालयका अन्य विषयगत शिक्षकहरुलाई समेत छोटो अवधिको अंग्रेजी भाषाको तालिम दिने व्यवस्था गरिनेछ ।

१२. सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई निरन्तर विद्यालय आउन प्रेरित गर्न दैनिक दिवा खाजाको रूपमा स्थानीय रैथाने खाजा व्यवस्थापन नीति अवलम्वन गरिनेछ ।

१३. सि.टि.इ.भि.टी सँग समन्वय गरी प्राविधिक तथा व्यावसायिक शिक्षालाई उच्च महत्व दिई प्राविधिक शिक्षा सञ्चालन गर्ने विद्यालयहरुको शैक्षिक तथा भौतिक पूर्वाधार विकासका लागि सहयोग गरिनेछ ।

१४. द्वन्द्वपिडित, दलित, अपाङ्गता भएका, गरिब, जेहेन्दार, सिमान्तकृत, आदिवासी, जनजाती विद्यार्थीहरु मध्ये उत्कृष्ट ग्रेड ल्याई एस. ई. ई. उतिर्ण गर्ने विद्यार्थीहरुलाई उच्च तथा प्राविधिक शिक्षा अध्ययनका लागि प्रोत्साहन रकम उपलब्ध गराइने छ । साथै, एस. ई. ई. मा सबै भन्दा धेरै विद्यार्थी 'ए' ग्रेडमा उतिर्ण गराउने विद्यालयलाई पुरस्कृत गरिनेछ ।

१५. विद्यालयमा छात्राहरुको लागि निःशुल्क स्यानिटरी प्याड सहज रूपमा उपलब्ध गराइनुको साथै हरेक विद्यालयमा डस्टविन, सफा शौचालय, स्वच्छ खानेपानी, महिनावारी भएका छात्रा र आमा भएका विद्यार्थीका लागि विद्यालयमा आराम कक्ष लगायतका सुविधाहरु उपलब्ध गराइनेछ । प्रत्येक माध्यमिक विद्यालयमा सेनेटरी प्याड डिस्ट्रोय मेशिन व्यवस्थापनका कामलाई निरन्तरता दिँदै भेन्डिङ्ग मेसिन समेत सञ्चालनमा ल्याइनेछ ।

१६. विद्यालय शिक्षालाई श्रम तथा उत्पादनसँग जोडिनेछ । उत्पादन तथा आयमूलक शिक्षामा जोड दिन, हरेक शुक्रबार **“किताब रहित दिन”** को रुपमा लागु गर्दै रचनात्मक तथा व्यवसायीक सिप विकासको व्यवस्था मिलाईनेछ। साथै, गुराँस सरकारले तयार गरेको स्थानीय पाठ्यक्रमलाई व्यवहारिक एवमं जिवन उपयोगी शिक्षा दिन स्थानीय पाठ्यपुस्तक निर्माण गरिनेछ ।

१७. सबै विद्यालयहरुमा व्यवस्थित पुस्तकालय, ई-लाइब्रेरी, कम्प्युटर ल्याव निर्माण, कम्प्युटर शिक्षक, श्रव्य दृश्य सामग्री, प्रोजेक्टर र इन्टरनेट सेवा क्रमागत रुपमा जडान गरि प्रविधिमैत्री शिक्षालाई विस्तार गरिनेछ । साथै **"एक शिक्षक एक ल्यापटप, एक कक्षा कोठा एक प्रोजेक्टर"** कार्यक्रम कार्यान्वयनमा ल्याउन आवश्यक पहल र प्रयास गरिनेछ ।

१८. सबै विद्यालयमा रङ्गरोगनको साथै घेरबार नभएका र अपुरो अवस्थामा घेरबार रहेका विद्यालयमा घेरबार गरिनेछ ।

१९. हरेक माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला, खेलकुद मैदान, सामुदायिक पुस्तकालय, सूचना प्रविधि तथा सञ्चार केन्द्रको स्थापना गरिनेछ ।

२०. लोकसेवा आयोग र शिक्षा सेवा आयोग तथा भाषा तयारी र सीपमूलक तालिममा रहेका विद्यार्थीहरुलाई आफ्नो क्षमता विकास गर्न गाउँपालिकाको तर्फबाट भौतिक तथा अनलाइन विधिबाट वा निजि क्षेत्र संगको साझेदारीमा तयारी कक्षा सञ्चालन गरिनेछ। साथै कार्यविधिका आधारमा प्रोत्साहन छात्रवृति समेत उपलब्ध गराइनेछ ।

२१. "**उपाध्यक्षको ईच्छा, छोरी बुहारीलाई उच्च शिक्षा**" भन्ने नारालाई सार्थक बनाउन उच्च शिक्षा अध्ययनमा उत्कृष्ट नतिजा हासिल गर्ने छोरी बुहारीलाई प्रोत्साहन गरिनेछ ।

२२. गुराँस गाउँपालिकाको समग्र शिक्षा क्षेत्रको विकास, व्यवस्थापन र रुपान्तरण लागि "**गुराँस शिक्षा सुधार आयोग** गठन गरिनेछ।

२३. सम्पुर्ण विधालयका शिक्षक तथा कर्मचारी लाई ई-हाजरी प्रणालीमा जोड्ने कार्यलाई निरन्तरता दिनुका साथै यस आ.व.मा सबै विधार्थीलाई समेत ई-हाजिरीको प्रभावकारिता र स्मार्ट परिचयपत्र वितरण कार्यमा जोड्न नमुना विधालय छनौट गरि ट्रायल गरिनेछ।

२४. गुराँस गाउँपालिकामा होटेल व्यवस्थापन क्याम्पस को संभावना अध्ययन र स्थापनाका लागि विभिन्न विश्वविधालयहरु संग समन्वय गरिनेछ।

२५. गुराँस गाउँपालिका अन्तर्गत रहेका सम्पुर्ण विधालयका शिक्षक, कर्मचारी तथा विधार्थीका लागि नेपाली ढाकाको पोशाक, दौरा सुरुवाल, कुर्ता, सारी, टोपी लगाएत स्थानीय उत्पादनमा आधारित "ड्रेस कोड" निर्माणका लागि यस आ.व. मा संभावना अध्ययन गरिनेछ।

**(ख) स्वास्थ्य**

१. गुराँस गाउँपालिका-५, रानीमत्तामा सञ्चालित ५ शैय्याको गुराँस अस्पताललाई थप प्रभावकारी रुप सञ्चालन गर्ने मिनि एक्सरे मेशिन लगाएत स्वास्थ्य उपकरणको जडान गरिनेछ।

२. गुराँस अस्पताल परिसरबाटै विरामीले आवश्यक औषधी प्राप्त गर्नसक्ने गरि स्थापित **गुराँस फार्मेसी** को स्तरउन्नती गर्दै प्रभावकारी ढंगले सञ्चालन गरिनेछ।

३. मुटु, दम, क्यान्सर, मृगौला, प्रेसर लगायतका दीर्घ रोगीहरु तथा ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य जाँच र सहुलियत दरमा औषधी तथा आर्थिक सहायताको व्यवस्था गर्दै गुराँस अस्पताललाई **स्वास्थ्य विमा फर्ष्ट क्लेम केन्द्र**को रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ।

४. गुराँस गाउँपालिकालाई आयुर्वेद उपचार र ध्यान एव योगा केन्द्रको रुपमा विकास गर्दै ५ शैय्याको आयुर्वेद अस्पताल समेत स्थापना गरिनेछ। जसका लागि आवश्यक दक्ष स्वास्थ्यकर्मी, आयुर्वेदकर्मी, उपकरण, प्रविधि, भौतिक पूर्वाधार विकासका लागी आवश्य पहल गरिनेछ ।

५. रतिखोला स्थित १५ शैय्या अस्पताल भवन छिटो निर्माण सम्पन्न गर्नका लागि संघीय सरकारसँगको समन्वय बढाइनेछ ।

६. मानसिक स्वास्थ्य समस्यालाई औषधि सेवनको अवधिसम्म पुग्न नदिन विद्यालय र समुदायस्तरमा मानसिक स्वास्थ्य परामर्श र उपचार सेवालाई साझेदारसँगको सहकार्यमा अघि बढाइनेछ ।

७. बर्थिङ्ग सेन्टर भएका स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य सेवा केन्द्रलाई मापदण्ड वमोजिम प्रभावकारी तथा गुणस्तरीय सेवा प्रदान गर्नसक्ने गरि स्तरवृद्धि तथा सुविधा सम्पन्न गरिनेछ । साथै भएका वर्थिङ्ग सेन्टरलाई नमूना वर्थिङ्ग सेन्टरको रुपमा विकास गरिनेछ। २४ घण्टासम्म सुत्केरीलाई बस्ने आवासको व्यवस्थापन गरिनेछ । समग्रमा स्वास्थ्य संस्थास्तरीय न्यूनतम मापदण्ड प्रणालीलाई हुबहु कार्यान्वयन गरी उत्कृष्ट स्थानमा पुर्‍याउन पहल गरिनेछ।

८. गर्भवति घरदैलो सेवा कार्यक्रम कार्यान्वय गरिनेछ । स्वास्थ्य संस्थाहरूमा पोर्टेबल अल्ट्रासाउण्ड मेसिन उपलब्ध तथा स्वास्थ्यकर्मीलाई तालिम गराई स्थानिय स्तरमै गर्भजाँच सेवा लाई निरन्तरता दिईनेछ।

९. गुराँसबासीलाई स्वास्थ्य सेवामा सरल एवं सहज पहुँच स्थापित गर्न सुलभ शुल्कमा एम्बुलेन्स २४सै घण्टा सेवालाई निरन्तरता दिइनेछ। संकटमा परेका गर्भवती महिलालाई निःशुल्क एम्बुलेन्स र गर्भवति जाँच सेवालाई प्रभावकारी बनाइनेछ । साथै सम्पुर्ण घर परिवारलाई स्वास्थ्य विमाको दायराभित्र ल्याउन नीतिगत एवमं बजेटगत पहल गरिनेछ ।

१०. पालिका भर नाक, कान, घाँटी, आँखा, दाँत जाँच लगाएत विभिन्न स्वास्थ्य सेवा सहित एकीकृत घुम्ति स्वास्थ्य शिवीर सञ्चालन गरिनेछ ।

११. "**सुनौला हजार दिन, उपाध्यक्षले भेट्ने छिन्**" कार्यक्रम निरन्तरता दिई सुनौलो हजार दिन भित्रका आमालाई पोषण सामग्री प्रदान तथा भेटघाट कार्यक्रम संचालन गरिनेछ ।

१२. राउटे समुदाय, गर्भवती आमा, हजार दिनका आमा र शिशु तथा किशोरीहरुको पोषण स्थितिमा सुधार ल्याउन र दीर्घरुपमा कुःपोषण न्यूनिकरण गर्न बहुक्षेत्रिय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ । यसमका लागि महिला स्वास्थ्य स्वयम् सेविकालाई समेत परिचालन गरिनेछ ।

१३. महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई कामको मुल्याङ्कनका आधारमा प्रोत्साहन कार्यलाई निरन्तरता दिइनेछ।

१४. **"ज्येष्ट नागरिक जहाँ , स्वास्थ्यकर्मी तहाँ"** अभियान सञ्चालनका लागि स्वास्थ्यकर्मीलाई परिचालन एवं प्रोत्साहनको व्यवस्था गरिनेछ । ज्येष्ठ नागरिक, असहाय बालबालिकालाई भेटघाट, सम्मान र न्यानो कपडा वितरण का साथै क्रमश : ल्याव सेवा उपलब्ध गराउनुका साथै गुराँस गाउँकार्यपालिकाको कार्यालय परिसरमा निःशुल्क ज्वरो, तौल र रक्तचाप जाँच समेतको **हेल्थ केयर डेस्क** सञ्चालनमा ल्याइनेछ ।

१५.गुराँस अस्पताल र सबै स्वास्थ्य संस्थाबाट विशेषज्ञ डाक्टर सहितको घुम्ति टोली परिचालन गरिनेछ।

१६. असक्त तथा अपांगता भएका व्यक्तिलाई स्वास्थ्य शिविर र परिचयपत्रको नविकरण तथा विगत आर्थिक वर्षमा गैरकानुनी तरिकाले वितरण भएका अपांगता परिचयपत्र खारेज गरिनेछ।

१७. गुराँस गाउँपालिकाको सबै स्वास्थ्य चौकीबाट ल्याब सेवा सञ्चालनका लागि आवश्यक प्रकृया अघि बढाइनेछ।

१८. यस आर्थिक वर्षमा विधार्थीहरुको नियमित स्वास्थ्य परिक्षणका लागि "**विधालयमा घुम्ती नर्सिङ्ग सेवा**" कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१९. **"सुन्दर छ जिवन"** को नारा सहित समाजमा घट्ने गरेका आत्महत्याका घटना न्युनिकरण गर्न मानसिक स्वास्थ्य हेल्पलाईन सञ्चालनमा ल्याइनुको साथै सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२०. केन्द्रिय तथा प्रादेशिक अस्पतालहरुको समन्वयमा टेलिमेडिशिन सेवा सञ्चालन गर्ने प्रयास गरिनेछ।

## (ग) खानेपानी तथा सरसफाई

१. **"घर-घरमा धारा, हाम्रो अभिभारा"** अभियान अन्तर्गत सतहगत पानीको उपयोग तथा लिफ्टिङ प्रबिधि प्रयोग गरी हरेक घरधुरीमा शुद्ध खानेपानीको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ। गाउँपालिकाको यस अभियानका साझेदारहरुसँग थप मजबुद र प्रगाढ सम्बन्ध स्थापित गरिनेछ ।

२. खानेपानी तथा सरसफाई र सिचाई अभियानलाई योजनावद्ध र व्यवस्थित गर्न जल उपयोग गुरुयोजना र वास प्लान कार्यान्वयनमा ल्याई गाउँपालिका भर स्वच्छ सफा खानेपानी वितरणको क्रमशः व्यवस्था मिलाइनेछ ।

३. खानेपानीको मुहान उत्खनन्, संरक्षण र दीगो उपयोग गरी सफा पानी र पूर्ण सरसफाई कार्यक्रमलाई अभियानका साथ संचालन गरिनेछ । खानेपानी मुहानको मर्मत सम्भारका लागि प्रत्येक वडामा खानेपानी/सिञ्चाई प्रभावकारी ढंगले परिचालन गरी कामको नियमित नियमन र अनुगमन गरिनेछ । साथै ठाउँठाउँमा रिचार्ज पोखरी निर्माण गरिनेछ ।

४. गाउँपालिका भित्र आवश्यकताअनुसार सतहगत र लिफ्टिङ्ग खानेपानीका नयाँ योजनाहरु तयार गर्नुका साथै निर्माण सम्पन्न हुन नसकेका योजनाहरूलाई पूर्णता दिन निर्माण व्यवसायी र उपभोक्ता समितिलाई जिम्मेवार बनाई प्रभावकारी कार्यसञ्चालन गरिनेछ।

५. साना तथा ठुला खानेपानी योजना निर्माण तथा मर्मतका लागि प्रधानमन्त्री रोजगार, मुख्यमन्त्री रोजगार र गुराँस श्रम बैङ्कमा आवद्ध श्रमिकहरुलाई योजनागत विभाजन गरी कार्यक्रम संचालन गरिनेछ ।

६.वातावरण प्रतिको मोह बृद्दी गर्दै फोहरमैला व्यवस्थापन कला र सीपलाई प्रत्येक व्यक्तिमा प्रसार गरिनेछ । **“फोहोरमैलाको निष्काशक , हुनेछ जिम्मेवार व्यवस्थापक”** भन्ने विषयालाई कडाईका साथ लागू गरिनेछ । गुराँस गाउँपालिकाका सबै बजार क्षेत्रबाट उत्पादन हुने फोहोरको उचित बिसर्जन तथा व्यवस्थापनका लागि गल्ने र जल्ने तथा नगल्ने र नजल्ने फोहोर वर्गिकरण गर्न प्रोत्साहित गरिनेछ। साथै, ल्याण्ड फिल्ड साइट निर्माण गर्न संभाव्यता अध्ययन कार्यलाई अगाडी बढाइनेछ ।

७. **"हाम्रो घरको फोहोर, अब बनाऔं मोहोर"** को नारा सहित सेफ्टि ट्याङ्की बाट निस्किने फोहोरलाई प्राङ्गारिक मलको रुपमा परिणत गर्न र फोहोर संकलन केन्द्र वाट वर्गिकरण र आवश्यक परीक्षण एवमं अनुसन्धानको कार्य अगाडी बढाइनेछ ।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

**(घ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

१. समाजका हानिकारक प्रथा जस्तैः छुई, बालबिबाह, बालश्रम, जातिय छुवाछुत जस्ता सामाजिक कुरुतीका रुपमा रहेका कुप्रथाको अवषेश अन्त्य गर्नका लागि सामाजिक सांस्कृतिक रुपान्तरणको अभियान संचालन गरिनेछ ।

२. जोखिममा परेका, सामाजिक र पारिवारिक बहिस्करणमा परेका तथा हिंसा पिडित महिला र बालबालिकाहरुलाई पुन:स्थापना, संरक्षण र सशक्तिकरण गर्ने नीति अवलम्बन गर्नुका साथै मनोसामाजिक विमर्शका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३. जीवन सुरक्षा कोष कार्यक्रम, जोखिम बालबालिका संरक्षण कार्यक्रम, महिला तथा बालबालिका जोखिम कोषलाई लक्षित वर्गको पहुँचमा थप प्रभावकारी रुपमा व्यवस्थापन गरिनेछ ।

४. वडा स्तर देखि पालिका स्तरसम्म महिला, दलित, बालबालिका, युवा सञ्जाल, ज्येष्ठ नागरिकका सञ्जाललाई पूर्णतः क्रियाशिल गरी सामाजिक हानिकारक प्रथा प्रचलनको रुपमा रहेका लैङ्गिक हिंसा, बालविवाह, घरेलु हिंसा एवं लैङ्गिक विभेद जस्ता कुसंस्कारको अन्त्यमा जोड दिइनेछ ।

५. लैङ्गिक समानताको उच्चतम बिन्दुमा पुग्न र सबै महिला, किशोरीहरु र बालबालिकाहरुलाई सशक्त बनाउनका लागि ठोस कार्यक्रम संचालन गरिनेछ । साथै बाल बिबाह, जबर्जस्ती विवाह, यौन हिंसा तथा दुर्व्यवहारलाई निरुत्साहित गरिनेछ।

६. आगामी आर्थिक वर्षमा गुराँस गाउँपालिकाका वडा नं. ३, ४ र ५ लाई बालमैत्री शासन वडा घोषणा गर्ने गरी आवश्यक प्रक्रिया थालिनेछ तथा गुराँस गाउँपालिकालाई बालमैत्री शासन भएको स्थानीय तह घोषणा गर्न आवश्यक प्रकृया अघि बढाइनेछ।

७. आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पछाडी परेका लैंङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको संरक्षण र सामाजिक सुरक्षाका लागि स्वरोजगार कार्यक्रम संचालन गरिनेछ ।

८. ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, अपाङ्ग भत्तालगायतका सबै प्रकारका सामाजिक सुरक्षा कार्यक्रमलाई बैंकिङ्ग प्रणालीका माध्यमबाट वडास्तरबाट नै वितरण गर्ने व्यवस्था लाई निरन्तरता दिइनेछ ।

९. महिला सशक्तिकरणमा जोड दिई महिलाका लागि आयआर्जन सम्बन्धि तालिम तथा सचेतनामूलक कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

१०. बालबालिका विरुद्ध हुने सबै प्रकारका शोषण र भेदभावको अन्त्य गरिनेछ । गाउँपालिकालाई **बालश्रम मुक्त गाउँपालिका घोषणा** गर्न सरोकारवाला निकाय तथा संघ/संस्थाहरुसंगको समन्वयलाई तिव्रता दिइनेछ ।

११. अपाङ्गता भएका व्यक्तिलाई क्षमता अनुसार गर्न सकिने सीप विकास तालिम प्रदान गरिनेछ । साथै चेतनामूलक तालिम, अभिमुखिकरण लगायत कार्यक्रममा जोड दिइनेछ ।

१२. अपाङ्गतामैत्री भौतिक संरचना निर्माणमा प्रोत्साहन गरिनेछ । अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरणसँगै सहज र आत्मनिर्भर र सम्मानपूर्ण जीवन सुनिश्चित गर्न स्वरोजगार तथा रोजगारमुखी कार्यक्रम सञ्चालन गरिनेछ।

१३. ज्येष्ठ नागरिकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरूको ज्ञान, सीप र अनुभवलाई पालिकाको समृद्धिको लागि उपयोग गरिनेछ । ज्येष्ठ नागरिकलाई स्वास्थ्य तथा अन्य सेवा सुविधामा छुट र सहुलियत प्रदान गरिनेछ । संघ तथा प्रदेश सरकारसँग समन्वय गरी सुविधायुक्त ज्येष्ठ नागरिक आवास गृह सेवा तथा मिलन केन्द्र स्थापना गर्न पहल गरिनेछ।

**(ङ) कला, भाषा तथा संस्कृति**

१. यस पालिका भित्र बसोबास गर्ने विभिन्न जातजाती, भाषा, भाषी धर्म, संस्कृति र परम्पराको हिसाबले विविधतायुक्त समुदायको संरक्षण गर्न पुस्तक छपाई, कला र सीप हस्तान्तरण, लेख रचना संकलन, लिपि संकलन, संगीत र बाद्यवादनका सामग्री संरक्षण, सांस्कृतिक क्लब तथा संघसंस्था स्थापना, प्रवर्द्धन एवमं सम्वर्धन नीति लागू गरिनेछ ।

२. ऐतिहासिक गौरवका संस्कृतिका रुपमा रहेका पञ्चेबाजा, तरबार नाँच, ढोल नाँच, सिङ्गारु, पैंसेरी, भोसी नाच, लहरे नाँच, गर्रा नाँच, देउडा नाँच, धमारी नाँच, बालन नाँच, सोरठी नाँच, मारुनी नाँच, सालैजोलगायत रैथाने संस्कृतिको जगेर्ना गर्नुका साथै विपन्न तथा दलित समुदायको हित, विकास र आर्थिक उन्नतीका लागि क्षमता विकास र सम्वर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३. लोपोन्मुख राउटे जातिको पहिचान सहितको संरक्षण कार्यलाई अघि बढाउनुको साथै प्रस्तावित राउटे संग्रहालय निर्माणको कामलाई संघ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा अगाडी बढाई राउटेहरुको भाषा, कला, संस्कृति, लिपी, सीप, भेषभुषा र इतिहासलाई जीवन्त राखिनेछ ।

**(च) युवा तथा खेलकूद**

१. स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद र खेलाडी क्षमता विकास कार्यक्रममा लगानी गरिनेछ । पालिका स्तरीय खेलकुद विकास समिति गठन गरि समग्र खेलकुद क्षेत्रको विकासका लागि क्रियाशील बनाइनेछ ।

२. राष्ट्रिय एकता सुदृढ बनाउने सशक्त माध्यमको रुपमा रहेको खेलकुद क्षेत्रलाई उच्च प्राथमिकता दिँदै **गुराँस म्याराथुन**को आयोजना गरि खेलकुदको माध्यमबाट पालिका क्षेत्र भित्र रहेका पर्यटकिय गन्तव्य स्थलहरुको राष्ट्रव्यापी रुपमा प्रचार प्रसार गरिनेछ ।

३. **"स्वास्थ्यका लागि खेलकुदः सबैलाई राख्छ एकजुट"** भन्ने नारालाई सार्थक बनाउन खेलाडीलाई सम्मान र विभिन्न प्रतियोगिताहरुमा पालिकाबाट सहभागिता जनाउने खेलाडीलाई आर्थिक सहयोग उपलब्ध गराइनेछ। पालिका भित्रका विद्यालयहरु बिच पालिकास्तरीय अध्यक्ष खेलकुद प्रतियोगितालाई निरन्तरता दिँदै राष्ट्रपति रनिङ्ग शिल्ड आयोजना गरिनेछ। साथै, जिल्ला स्तरिय राष्ट्रपति रनिङ्ग शिल्डमासमेत प्रतिस्पर्धा गराइनेछ।

४. विद्यार्थीहरुको शारिरीक तथा मानसिक क्षमता अभिवृद्धी गर्नका लागि विद्यालयहरु र अन्य स्थानमा खेलकुद मैदान लगायत व्यायम केन्द्रहरु र पैदल मार्गको समेत क्रमागत व्यवस्था गरिनेछ। यस आर्थिक वर्षमा गुरुाँस गाउँपालिकाको वडा नं. ४ मा सुविधा सम्पन्न कभर्ड हलको निर्माण कार्य अघि बढाइनेछ।

५.युवा सक्रियताका लागि गठन भएका वडा स्तरीय युवा क्लबहरु तथा पालिका स्तरीय युवा संजालले गरिरहेका नमुना युवा संसद तथा युवाहरुलाई सुशासन र रोजगारी सम्बन्धी क्षमता वृद्धिको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६. युवाहरुलाई धुम्रपान, मद्यपान, जुवातास लगायतका दुर्व्यसनबाट अलग राख्न सामाजिक सेवा, खेलकुद, स्वरोजगार कार्यक्रम, सिकाईका प्रकृया निरन्तरता दिदै सृजनात्मक कार्यमा संलग्न गराउन रचनात्मक कार्यमा ध्यान दिइनेछ ।

७. यस गाउँपालिकाको रानीमत्तामा, स्थानीय तथा प्रादेशिक क्लबहरु संगको सहकार्य तथा साझेदारीमा मा गुराँस फुटसल चौरको संभाव्यता अध्ययन गरि निर्माणको लागि समेत प्रस्तावना आह्वान गरिनेछ।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

## (३) पूर्वाधार विकास

१. दीगो र गुणस्तरीय पूर्वाधार निर्माणका लागि विकास निर्माणका आयोजनाहरुको प्राथमिकीकरण गरि श्रोतको सुनिश्चितता गरिनेछ । प्राथमिकता प्राप्त क्षेत्रमा श्रोतको सुनिश्चिता र पूर्वाधार निर्माण कार्यलाई भनसुन र पहुँचका आधारमा नगरी विधि र वस्तुनिष्ट एवं मागमा आधारित बनाउनका लागि **परियोजना बैंक** निर्माण गरिनेछ ।

२. परियोजना बैंकमा रहेका योजनाहरुको निर्माण तथा मर्मतका लागि **गुराँस श्रम बैंक**को अवधारणलाई थप परिस्कृत र प्रभावकारी रुपमा निरन्तरता दिँदै आवश्कताका आधारमा साझेदारी गर्ने व्यवस्था मिलाइनेछ । विकास कार्यलाई एकीकृत एवं दीगो विकासको मोडेलमा रुपान्तरण गर्न

सम्बन्धित आयोजनाभित्र पर्ने सम्पूर्ण कार्यलाई एकीकृत रुपमा लागत अनुमानमा समावेश गरी कार्यान्वयन गर्ने प्रक्रिया थालिनेछ ।

३. सार्वजनिक निर्माणमा प्रत्यक्ष सरोकार राख्ने विषयगत शाखाका कर्मचारी, उपभोक्ता समिति र निर्माण व्यवसायीहरुको प्रभावकारी कार्य सम्पादनका लागि क्षमता विकासका आवश्यक अभिमुखिकरण र कार्यक्रमहरु संचालन गरिनेछ ।

४. गुराँस गाउँपालिकामा सञ्चालित योजनाहरूको गुणस्तर कायम गर्न आवश्यक उपकरण र दक्ष मानव शंसाधन सहित ल्याव स्थापना गर्ने नीतिगत व्यवस्थापन गरिनेछ ।

५. गुराँस गाउँपालिकाले प्राविधिक कर्मचारीको लागि व्यवस्था गरिरहेको फिल्ड भत्ता बापतको रकम पूर्वाधार विकास शाखा अन्तर्गत तोकिएको जिम्मेवारी र कार्यसम्पादनमा आधारित बनाईनेछ।

६. गुराँस गाउँपालिकामा नयाँ बन्ने भौतिक संरचनालाई अपाङ्गमैत्री बनाउनुका साथै हरेक सार्वजनिक भवनहरुमा स्तनपान कक्ष अनिवार्य रुपमा निर्माण गर्नुपर्ने व्यवस्था गरिनेछ।

**(क) सडक**

१. गाउँपालिका स्तरमा सञ्चालित गौरवका आयोजनाहरुका रुपमा रहेका मूल सडकबाट प्रत्येक वडा कार्यालयसम्म सडक क्रमशः ग्रावेल, स्तरोन्नती, कालो पत्रेको क्रमागत योजना निर्माण तथा कार्यान्वयन गरिनेछ।

२. वडा कार्यालय देखि प्रत्येक बस्तीस्तरमा कृषि सडक सञ्जाल विस्तार गर्ने नीति लिइनेछ । साथै वडास्थित सडकहरू मर्मत कार्य गुराँस गाउँकार्यपालिकाको कार्यालयकै डोजर परिचालन गरि आवश्यकता अनुसार अघि बढाउने व्यवस्था गरिनेछ ।

३. गौरवका सडक र वृहत चक्रपथको स्तरोन्नती गर्न स्थानीय तहको बजेटबाट मात्र प्रयाप्त नहुने हुँदा आयोजना सञ्चालनका लागि कर्णाली प्रदेश सरकार, संघीय सरकार र विभिन्न साझेदार एवं सहयोगी संघ संस्थासँगको समन्वयमा अगाडी बढाइनेछ। साथै अपुरा सडकहरूलाई तोकिएका गन्तव्यसम्म पुर्‍याइनेछ ।

४. अधुरा तथा निर्माणाधिन रहेका सबै विद्यालय, सहकारी भवन तथा कृषि संकलन केन्द्रहरुको काम सम्पन्न गरिनेछ । विद्यालय भवनलाई छानामुक्त गराई पक्की छत निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

५. **"हामी बनाउँछौं हाम्रो सडक"** को मुल नारालाई आत्मसाथ गर्दै पालिकाका भित्रि सडकहरुको स्तरोन्नती गरी बाह्रै महिना सञ्चालनमा आउने गरि कार्य अघि बढाइनेछ। नयाँ नयाँ सडक ट्र्याकमात्र खोल्ने काम लाइ निरूत्साहित गर्दै निर्माण भएका सडकलाई स्तरोन्नति गर्दै लगिनेछ । सडक मर्मतको लागि **मर्मत सम्भार कोष** स्थापना गरिनेछ र निश्चित अवधिको लागि सडक संयमसेवकको व्यवस्थापन गर्ने नीति लिइनेछ ।

६. स्थानीय तह सँगको समन्वय र स्थानीय आवश्यकतालाई ध्यान नदिई माथिल्ला सरकारबाट हचुवाको भरमा विनियोजन हुने बजेट तथा कार्यक्रम कार्यान्वयनलाई निरुत्साहित गरिनेछ।

७. यस आर्थिक वर्षमा गुराँसे पातिकान्ला हुँदै कर्णाली राजमार्ग जोड्ने रणनीतिक सडको पक्की नाला सहितको स्तर उन्नती कार्य अघि बढाइनेछ।

८. गुराँस गाउँपालिका भित्र रहेका सडकमा हुने दुर्घटना न्युनिकरणका लागि नेपाल प्रहरीको सहयोगमा **"दुर्घटना न्युनिकरण अभियान वर्ष-२०८२"** सञ्चालनमा ल्याइनेछ।

**(ख) सिंचाई**

१. **एक व्यवसायिक कृषक-एक सिंचाई पोखरी**, साना सिंचाई कार्यक्रम, लिफटिङ्ग प्रविधि र रिचार्ज पोखरी, तथा वर्षेपानी संकलन लगायत अन्य सिंचाई प्रविधिका योजनाहरु र कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

२. भौगोलिक अवस्था र पानीको श्रोतको आधारमा उपयुक्त सिंचाई प्रविधि मार्फत वर्षैभरी सिंचाई सुविधा उपलब्ध गराउन प्रयास गरिनेछ ।

३. साना तथा ठुला सिचाईं योजना निर्माण तथा मर्मतका लागि प्रधानमन्त्री रोजगार, मुख्यमन्त्री रोजगार र गुराँस श्रम बैङ्कमा आवद्ध श्रमिकहरुलाई योजनागत विभाजन गरी कार्यक्रम संचालन गरिनेछ ।

४. आकाशे पानी संकलन हुने गरि भवन तथा आवाश निर्माण गर्ने गुराँसवासीहरुलाई निर्माण सम्पन्न प्रमाणपत्रमा लाग्ने राजश्वमा शत प्रतिशत छुट दिइनेछ।

## (ग) भवन तथा सहरी विकास

१. यसै आर्थिक बर्ष भित्र गुराँस गाउँपालिकाको आफ्नै प्रशासनिक भवनको निर्माणका लागि संघीय सरकारसंग आवश्यक समन्वय गरिनेछ । साथै, अघिल्लो आर्थिक वर्षमा निर्माण कार्य सुरु भई निर्माण सम्पन्न भइसकेका वडा कार्यालयमा फर्निचर लगाएतका संरचनात्मक सुधारमा आवश्यक बजेट विनियोजन गरिनेछ।

२. गुराँस गाउँकार्यपालिकाको हालको भवन परिसरमा बगैंचा, गेट निर्माण, पक्की वाल निर्माण तथा सुन्दरीकरणका लागि बजेटको व्यवस्थापन गरिनेछ। साथै, सम्पुर्ण वडा कार्यालय, स्वास्थय चौकी रअस्पताल परिसरमा हरियारी तथा सुन्दरीकरणका लागि योजना निर्माण गरिनेछ।

३. **"खरको छाना मुक्त, घर परिवार ढुक्क"** अभियान अन्तर्गत विगत दुई आर्थिक वर्षमा खरको छाना भएका घरहरुलाई जस्तापाताले विस्थापित गर्ने कार्यमा छुट भएका गुराँसवासीहरुको हकमा यस आर्थिक वर्षमा समेत यस कार्यलाई निरन्तरता दिइनेछ ।

४. पालिकाभरका व्यस्त बजार क्षेत्र र लामो दुरीका सडक क्षेत्रमा सार्वजनिक शौचालयको व्यवस्था गरिनेछ ।

५. सरकारी भवनहरु निर्माण गर्न आवश्यक प्रक्रिया अनुसार जग्गा खरिद समेत गर्न मिल्नेगरी नीतिगत व्यवस्था गरिनेछ र त्यससँग जोडिएका ऐलानी तथा सरकारी सार्वजनिक जग्गा भएमा संघीय सरकारसँग समन्वय गरी पालिकाको विभिन्न प्रयोजनमा प्रयोग तथा उपयोग गर्ने व्यवस्थाका लागि पहल गरिनेछ।

६. सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरुको सन्दर्भमा भूमि सम्बन्धि समस्या समाधान आयोग, संघीय र प्रदेश सरकारसंग आवश्यक समन्वय गरि भूमिहिनहरूलाई जग्गाको स्वामित्व प्रदान गर्न आवश्यक पहल गर्दै बसोबासलाई व्यवस्थित गराइनेछ ।

७. नक्सा पास नगरी भवन निर्माण गर्ने परिपाटीलाई निरुत्साहित गर्नुका साथै भवन बनाउदा राष्ट्रिय भवन संहितामा उल्लेखित मापदण्डलाई कडाईका साथ लागू गर्दै गुराँस भवन निर्माण संहिता समेत जारी गरिनेछ । साथै आ.व. २०८०।८१ मा स्वीकृत भू-उपयोग मापदण्डलाई कार्यान्वयनमा ल्याइनेछ।

८. गुराँस गाउँपालिकाका सबैजसो खोला तथा नदी स्थित बालुवा गिट्टी उत्खनन् स्थलमा आवश्यकता आधारमा सडक निकासको व्यवस्था गरिनुका साथै सुरक्षा व्यवस्थापनका लागि सि.सि टिभी जडान गरिनेछ।

९. पालिकाभरका सार्वजनिक, प्रति, ऐलानी, चरिचरणका वन क्षेत्रलगायतका सबै प्रकारका सार्वजनिक उपयोगका जग्गाहरू संरक्षण गर्ने नीति अबलम्बन गरिनेछ । गुराँस गाउँपालिका र अन्तर्गत प्रयोगमा रहेका तथा प्रतिवद्धता जनाइएका सबै प्रकारका जग्गाहरू पालिकाको मातहतमा ल्याइनेछ।

१०. यस वर्ष गुराँस बहुमुखी क्याम्पस, पातिकान्ला को पूर्वाधार निर्माण गरिनेछ।

११. विगत आर्थिक वर्षमा विविध कारणले काम सम्पन्न हुन नसकेका अधुरा विकास आयोजनाहरुलाई सम्पन्न गर्न अध्ययन समिति गठन गरि निर्माण सम्पन्न गर्ने नीतिगत तथा बजेटगत व्यवस्था गरिनेछ।

**(घ) उर्जा, लघु तथा साना जलविद्युत**

१. गाउँपालिकाका स्थानीय बजार क्षेत्रमा सौर्य सडक बत्तीका साथ बजार क्षेत्र सुधार कार्यक्रम लागु गरिनेछ ।

२. संघीय र प्रदेश सरकारसँगको समन्वय र सहयोगमा विद्युतको राष्ट्रिय प्रसारण लाइन र ग्रामिण सामुदायिक विद्युतिकरण कार्यक्रम मार्फत सबै वडा तथा वस्तीहरुमा विद्युतका पोल र तार विस्तार गरिनेछ ।

३. सामुदायिक विद्युतिकरण कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित ढङ्गले सञ्चालन गर्दै यस आर्थिक वर्षमा नाफामा जाने गरि कर्मचारी परिचालन तथा उपकरण व्यवस्थापन गरिनेछ। सामुदायिक विद्युतिकरण कार्यक्रमलाई नाफामुलक बनाउने शाखाका कर्मचारीलाई उचित प्रोत्साहनको व्यवस्था गरिनेछ।

**(ङ) नदी, तटबन्धन, पुल**

१. नदि तटबन्धन, पुल लगायत भौतिक पूर्वाधारका कामहरु अघि बढाउन आवश्यक बजेटका लागि केन्द्र एवं प्रदेश सरकारको समन्वयमा अघि बढाइनेछ ।

२. वर्षातको समयमा विद्यार्थी तथा स्थानीय बासिन्दाहरुलाई सहज आवतजावत हुने गरि आवश्यक खोलामा झोलुङ्गे पुल निर्माण कार्य संघीय तथा प्रदेश सरकार सँगको समन्वयमा क्रमागत रुपमा निर्माण कार्य सुरु गरिनेछ । निर्माण सम्पन्न भैसकेका झोलुङ्गे पुलको मर्मत संभारका लागि मानव संसोधन लगाएत मर्मत कोषको व्यवस्था गरिनेछ ।

**(च) सञ्चार**

१. गुराँस गाउँपालिकाको विभिन्न ठाउँमा कमजोर टेलिफोन नेटवोर्कको समस्या समाधान गर्न नेपाल दुरसञ्चार प्राधिकरण लगायत अन्य निजी क्षेत्रका कम्पनीसँग समेत आवश्यक समन्वय गरिनेछ ।

२. ल्याण्डलाइन फोन र फाइबर इन्टरनेट विस्तारको लागि पहल गरिनेछ ।

३. गुराँस गाउँपालिकाको आफ्नै इन्टरनेट सर्भिस प्रोभाइडर (ISP) सेवा सञ्चालनको लागि संभाव्यता अध्ययनका आधारमा आवश्यक नीतिगत एवमं बजेटगत व्यवस्था गरिनेछ।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

**(४) वन, वातावरण तथा विपद् व्यवस्थापन**

**(क) वन तथा भू-संरक्षण**

१. वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता र जलाधार संरक्षण तथा व्यवस्थापन कार्यलाई अभियानका रुपमा संचालन गरी पर्यापर्यटनको विकास गरिनेछ। वन क्षेत्रको दिगो व्यवस्थापन र जलवायु परिवर्तन एवं पर्यावरणिय अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ ।

२. **"वन जङ्गल जोगाऔं-आम्दानी रहरियाली बढाऔं"** भन्ने नारालाई सार्थक तुल्याउन जथाभावी वन फडानी गर्ने, डढेलो लगाउने, अनाधिकृत चरिचरण गर्ने जस्ता कार्यलाई निरुत्साहित गर्दै खोला किनार, पहिरो गएका ठाउँ र नाङ्गा डाँडा पाखाहरुमा वृक्षारोपण गरिनेछ ।

३. वन क्षेत्रको पूर्ण क्षमताको उपयोग हुने गरी सहभागितामूलक व्यवस्थापन र प्रकृतिमा आधारित पर्यटनको विकासबाट वस्तु र सेवाको विस्तार र विविधिकरण गर्ने रणनीति अवलम्बन गरिनेछ ।

४. **जल, जंङ्गल, जमिन, जडीबुटी र जनशक्ति**को उचित व्यवस्थापन गर्न **पाँच "ज"** को अभियान सञ्चालन गरिनेछ ।साथै, पालिकामा हावापानी अनुसार औषधिजन्य वनस्पतिको पहिचान गर्दै संकलन, संरक्षण र संवर्द्धन गरिनेछ।वनजन्य उत्पादन तथा विभिन्न जडिबुटी संकलन, प्रशोधन तथा बिक्रि वितरण जस्ता व्यवसायिकजन्य कार्यलाई प्रोत्साहन गरिनेछ ।

५. **"आयमुलक वन, गुराँसको धन"** अन्तर्गत सबै सामुदायिक वनमा टिमुर, काउलो, तेजपत्ता, रिठ्ठा, नास्पति, काफल, आरुबखडा, बाँस, अम्प्रिसो, ओखर लगायतका आयमुलक वनजन्य वनस्तपती सहित बृहत वन बगैचा निर्माण गरिनेछ ।

६. मापदण्ड बमोजिम निर्माण कार्य सम्पन्न भएका सडक छेउको दायाँ बायाँ सौन्दर्य दिने एवं आयमुलक जातका वोटविरुवा लगाउने नीति अवलम्बन गरिनेछ ।

७. पालिका भरका बन उपभोक्ता समिती र महासंघको सहकार्यमा आयमुलक -**"आयमुलक वन, गुराँसको धन"** कृषी वन कार्यक्रम सञ्चालन गरिनेछ ।

**(ख) जलवायु परिवर्तन**

१. जलवायु परिवर्तन र यसका असरबारे सचेतिरकण गर्नुका साथै जलवायु परिवर्तन अनुकुलन सम्बन्धि संस्थागत र सामुदायिक अभिमुखिकरण गरिनेछ ।

२. विकास निर्माणका कार्य गर्दा जलवायु परिवर्तन र यसका असरलाई ख्याल गरी वातावरणीय प्रभाव मूल्याङ्कन गरेर अघि बढिनेछ।

**(ग) विपद् व्यवस्थापन**

१. सबै वडाका संभाव्य पहिरो जोखिम ठाउँहरुको पहिचान गरी त्यस्ता ठाउँहरुमा बाँस, अम्रिसो, निगालो जस्ता नगदे विरुवा लगाउने लगायत आवश्यकताका आधारमा तटबन्ध निर्माण गरि पहिरो नियन्त्रण गर्ने नीति अबलम्बन गरिनेछ ।

२. सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धि आफ्नो बार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउने कार्यलाई कडाईका साथ कार्यान्वयनमा ल्याइनेछ। साथै, वन पैदावारको बिक्रीबाट पालिकालाई प्राप्त हुने आयको केही अंश सामुदायिक वनहरुको क्षमता विकास, दीगो व्यवस्थापन र खेर गएको वन पैदावर उपयोग र निकासीका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

३. पालिका भित्रका सम्भाव्य विपदका घटनाहरुको पहिचान गरी विपद जोखिम न्यूनिकरण, विपद पूर्व तयारी र विपद प्रतिकार्य योजना तयार गरी लागू गरिनेछ। विपदका बेला खोज, उद्धार, राहत र पुनःस्थापनाको कार्यलाई व्यवस्थित बनाउन पालिकामा चौबीसै घण्टा तयारी अवस्थामा रहने गरी संघ, संस्थाहरु समेतको समन्वयमा स्थापित **आपतकालिन कार्य संचालन केन्द्र**लाई स्रोत साधन सम्पन्न गरिनेछ। पालिका देखि वडास्तर सम्मका विपद व्यवस्थापन समितिलाई क्रियाशिल तुल्याइनेछ ।

४. विपद पिडितहरुलाई तत्काल सहयोग गर्न विपद व्यवस्थापन कोषमा आवश्यक रकम व्यवस्था गरिनेछ ।

५. विपद र विकासमा युवा स्वयमंसेवक परिचालनको नीति लिइनेछ । यसका लागि गाउँपालिकामा विपद व्यवस्थापन तथा सुरक्षा शाखा स्थापना गरी सबै वडा तह तथा विद्यालय तहमा स्वयमंसेवी भाव वृद्धि गर्न अभियान सञ्चालन गरिनेछ।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

**(५) संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन**

**(क) मानव संसाधन**

१. मानविय जनशक्ति नै विकासको साधन र साध्य भएको तथ्यलाई मध्यनजर गर्दै तसर्थ, मानव पुँजीको विकास नै आधुनिक राष्ट्र निर्माणको आधारभूत कार्य मानिने भएकोले संगठन भित्रको जनशक्तिलाई काम प्रति अझ बढी उत्प्रेरित गर्नका लागि क्षमता विकास तालिम र कार्यसम्पादनमा आधारित पुरस्कार र दण्ड प्रणालीलाई वस्तुगत र यथार्थपरक बनाइनेछ ।

२. कार्यसम्पादन मूल्याङ्कन र कार्यदक्षताको आधारमा कर्मचारीलाई दण्ड वा पुरस्कारको व्यवस्था गरिनेछ ।

३. कर्मचारी र जनप्रतिनिधिहरूको लागि क्षमता विकासको लागि तालिम तथा अभिमुखिकरण प्रदान गरिनेछ ।

४. कागज रहित अनलाइन सेवा र कार्यसम्पादन सम्झौताको आधारमा कर्मचारी परिचालन गरिनेछ।

५. “Right person at right time, at right place” को सर्वव्यापी व्यवस्थापकीय सिद्दान्तलाई आत्मसाथ गर्दै स्वीकृत दर्बन्दिमा रहेका कर्मचारीलाई उचित जिम्मेवारी प्रदान गरिनेछ।

८. कार्यसम्पादनलाई प्रभावकारी र गुणस्तरीय बनाउन गाउँपालिकाभित्र शाखा, उपशाखा तथा निकाय मातहतका कर्मचारीसँग कार्यसम्पादन सम्झौता गरिनेछ । सो कार्यसम्पादन सम्झौताको कार्यान्वयन पक्षलाई आधारमा कार्यसम्पादन मूल्याङ्कनको नीति अवलम्बन गरिनेछ ।

**(ख) संस्थागत क्षमता**

१. टोलमा हुने विकास निर्माणका कार्यमा पहिलो जिम्मेवार बनाउन तथा सरकारको सबैभन्दा नजिकको अङ्गको रूपमा स्थापित गर्न टोल विकास समितिहरू, उपभोक्ता, विद्यालय, सहकारी लगाएत सवै संस्थागत समितिलाई तालिम, प्रशिक्षण र सुविधा सम्पन्न गरिनेछ ।

२. स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्यान्वयन गरी सुशासन, विकास र सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।

३. कर्मचारीको काम प्रतिको जिम्मवारी बोध गराउने तथा कार्य सम्पादनलाई थप प्रभावकारी बनाउन आगामी आर्थिक वर्ष देखि सेवाग्राही कार्ड तथा टाइमकार्ड लागु गरिनेछ।

४. अनुशासित र कर्तव्यनिष्ठ कर्मचारीतन्त्र नै सेवाप्रवाहको प्रमुख अस्त्र भएकोले गत आ.व मा सुरु गरिएको ई-हाजिरी प्रणालीलाई यस आ.व. थप प्रभावकारी बनाईनेछ।समयपालन, जिम्मेवारी बहन, पदिय मर्यादाको सम्मान लगाएत पालिका परिवार प्रतिको असल व्यवहारका आधारमा कर्मचारीलाई पुरस्कृत र दण्डित गरिनेछ। आन्तरिक राजश्वको लक्ष्य प्राप्तिमा योगदान गर्ने कार्यमा योगदान दिने शाखा तथा कर्मचारीलाई उचित प्रोत्साहन दिइनेछ।

५. प्रदेश सरकारको कानुनी व्यवस्था अनुरुप कर्मचारीको पेशगत हित संरक्षण, वृत्ति विकास र उत्प्रेरणका लागि आवश्यक नीति अबलम्बन गरिनेछ।

**(ग) राजस्व परिचालन**

१. राजस्वका संभावित श्रोतहरुको पहिचान गरी प्रगतिशिल करको सिद्धान्त अनुसार करको दायरा फराकिलो बनाई राजस्व प्रशासनलाई प्रभावकारी, संस्थागत र सबल बनाइनेछ । उद्योग, व्यापार, व्यवसाय सबैलाई करको दायरामा ल्याई पालिकाको आन्तरिक आम्दानी वृद्धि गरि राजस्व असुलीको घोषित लक्ष्य पूरा गर्न हरसम्भव उपाय अबलम्बन गरिनेछ ।

२. राजस्व प्रशासनलाई समग्रमा थप सुदृढ र चुस्त बनाइनेछ । सबै प्रकारका आर्थिक क्रियाकलापलाई औपचारिक राजश्व प्रणालीमा आवद्ध गरिनेछ ।

३. विभिन्न टोल वस्तीबाट सडक बाटो लैजाने क्रममा नागरिकको जग्गा सार्वजनिक सडकमा परेको र सो जग्गाको समेत कर तिर्न परिरहेको अवस्थालाई मध्यनजर गर्दै उक्त जग्गाको लगत कट्टा गर्ने व्यवस्था मिलाइनेछ साथै घर जग्गा तथा सम्पत्ती करमा जनअपेक्षा अनुसार दर रेटमिलान गरिनेछ।

३. पालिका भर राजश्वको सम्भावना अध्यन गर्न र आन्तरिक श्रोत वृद्धि गर्न विज्ञ सहितको कायर्दल गठन गरिनेछ ।

४. बजारमा विक्री हुने दैनिक उपभोग्य खाद्य तथा पेय पदार्थहरुको नियमित अनुगमन तथा नियमन गरि पोषण तथा स्वास्थ्यबर्द्धक खाद्य तथा पेय पदार्थहरुको प्रवर्द्धन, उत्पादन र प्रभावकारी अनुगमन कार्यमा जोड दिइनेछ ।

**(घ) सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण**

१. हामीले सम्पादन गरेका कामहरुका बारेमा जनतासम्म पुऱ्याउने, हाम्रा कुरा सुनाउने, जनताका सुझाव ग्रहण गर्ने र भए गरेका कमि कमजोरी सुधार्ने परिपाटि बसाल्न सार्वजनिक सुनुवाईलाई निरन्तरता दिँदै नियमित रूपमा हरेक वडामा संचालन गरिनेछ ।

२. गाउँपालिकाका सबै कार्यक्रम तथा योजनामा पारदर्शिता, सहभागिता, जवाफदेहिता, दुरदर्सिता जस्ता सुशासनका सबै सूचकहरु जनताले अनुभूति गर्ने गरि पालना गरिनेछ ।

**(ङ) बेरुजु फच्यौंट**

१. बिगत आर्थिक वर्ष सम्मको अप्रत्यासित रुपमा बढेको बेरुजुलाई नियन्त्रण गर्न पहल गरिनेछ । प्रत्येक वर्ष बेरुजु नियन्त्रण गर्न सतर्कता अपनाइनेछ ।

२. आन्तरिक लेखा परीक्षणलाई प्रभावकारी बनाई भए गरेका कमी कमजोरी सुधार्ने र अन्तिम लेखा परीक्षणबाट औंल्याइएका बेरुजु फछ्यौंट गरी वित्तिय सुशासन कायम गरिनेछ ।

३. बेरुजु फछ्यौंट गरी वित्तिय सुशासन कायम गर्न कडाइका साथ असुली कार्य कार्यान्वयन गरिनेछ ।

४. स्थानीय तहको स्थापना संगै गुराँस गाउँपालिकामा संवैधानिक निकाय महालेखा परिक्षकको कार्यालयले कायम गरेको विशाल बेरुजु फछौंट तथा समपरिक्षण कार्यलाई यस वर्ष प्राथमिकतामा राखिनेछ र बेरुजु फछौंटमा शाखागत योगदानका आधारमा प्रोत्साहन प्रदान गरिनेछ।

### (च) सेवा प्रवाहका मापदण्ड

१. नागरिकको सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, पारदर्शी, जवाफदेही, जनउत्तरदायी, प्रविधिमैत्री, सेवाग्राहीमैत्री, भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी बनाइनेछ ।

२. स्थानीय सरकार जनताको सबै भन्दा नजिकको सरकार भएकाले **"सेवाको वरीपरी जनता होइन, जनताको वरिपरी सेवा"** भन्ने सार्वजनिक प्रशासनको मूल मन्त्रलाई मनन् गर्दै घुम्ती सेवा, डेस्क सेवा र एकद्वार सेवा प्रणालीमा जोड दिइनेछ ।

३. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता सहितको सदाचारयुक्त नीति अवलम्बन गर्दै शासकीय स्वच्छता, सदाचार र नैतिकतालाई कडाईका साथ लागू गरि जनतामा सुशासनको प्रत्याभूति गराइनेछ।

४. जनतालाई छिटोछरितो सेवा दिन नीति तथा कार्यक्रम र बजेट तथा योजनाको आधारमा आवश्यक पर्ने ऐन, कानून र कार्यविधि निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

५.पालिका क्षेत्रमा ग्रामीण तथा गुराँसबस सेवा गाउँपालिकाको पहलमा सञ्चालन गरी ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ती, महिला र बालबालिकालाई सर्वसुलभ यातायात सेवा प्रदान गरिनेछ

६. सामाजिक सुरक्षा भत्तालाई प्रत्येक वडा कार्यालय बाटै वितरण गर्ने कार्यलाई प्रभावकारी रुपमा निरन्तरता दिने व्यवस्था मिलाइनेछ ।

७. लक्षित वर्गका कार्यक्रमहरू गाउँ कार्यपालिकाकै कार्यालयबाट कार्यान्वयन गर्ने परिपाटी विकास गरिनेछ ।

### (छ) विद्युतीय सूचना प्रविधि

१. गाउँ कार्यपालिका तथा यस अन्तर्गतका हरेक गतिबिधि जनता माझ सुसुचित गर्न गुराँस सूचना तथा संचार शाखालाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

२. गुराँस गाउँपालिकाको वेवसाइटलाई प्रभावकारी रुपमा सञ्चालन गर्दै यस आर्थिक वर्षमा मोवाइल एप्लिकेसन सुरुवात गर्नुको साथै सेवालाई अनलाइन प्रविधिमा रुपान्तरण गरी पेपरलेस सेवा सञ्चालन गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ।

**(ज) अन्तरनिकाय समन्वय**

१. देशभित्र र बाहिरका स्थानीय तहमा अन्तर सम्बन्धित निकायसँग भगिनी सम्बन्ध कायम गरि सिकाई आदान-प्रदान गर्ने नीति अबलम्बन गरिनेछ ।

२. प्रदेश र संघ सरकारसँग कार्यात्मक अन्तरसम्बन्ध सुदृढ गरी कायम रहेको दोहोरोपनलाई अन्त्य गरिनेछ ।

३. नागरिकता, राष्ट्रिय परिचयपत्र र मतदाता परिचयपत्र गाउँपालिका तथा वडाबाटै वितरण गर्न जिल्ला प्रशासन कार्यालयसँग आवश्यक समन्वय र पहल गरिनेछ ।

४. गुराँस गाउँपालिकासँग साझेदारी गरि कार्यक्रम सञ्चालन गर्ने संघ संस्थालाई पालिकाको नीति तथा कार्यक्रमसँग जोडेर मात्र अघि बढाइनेछ ।

**झ) सुरक्षा व्यवस्थापना**

१. पालिकामा कार्यरत प्रहरी चौकीहरुको व्यवस्थापनमा थप सहयोग गर्दै जनमैत्री सुरक्षा व्यवस्थापनका लागि पहल गरिनेछ । गाउँपालिकाका आवश्यक विभिन्न ठाउँमा अस्थायी प्रहरी पोष्ट र सुरक्षा बिट स्थापना गरी सञ्चालनमा ल्याइनेछ । प्रहरी चौकीको स्तरोन्नतिको लागि आवश्यक पहल गरिनेछ ।

२. युवा उमेर समुहका व्यक्ति र किशोरावस्थाका व्यक्तिहरूलाई सशक्तिकरण, आत्मरक्षा र सुरक्षा सम्बन्धि तालिम प्रदान गरिनेछ ।

३. स्थानीय सरकारको कार्य सम्पादनलाई जनपक्षीय बनाउन, विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन र राजस्व प्रशासनलाई थप सघाऊ पुऱ्याउन स्थानीय सरकार सञ्चालन ऐनले गरेको व्यवस्थाबमोजिम सुरक्षा व्यवस्थापन शाखा स्थापना गरि **गुराँस नगर प्रहरी** को व्यवस्थापन गरि राजस्व असुली, सामुदायीक शान्ति सुरक्षा व्यवस्थापन, न्यायीक निरुपण लगाएतका स्थानीय संचालन ऐनबाट प्रदान गरिएका अधिकार कार्यान्वयनका लागि नीतिगत तथा बजेटगत व्यवस्था गरिनेछ।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

अन्त्यमा, यस नीति तथा कार्यक्रमको आधारमा तयार हुने बजेट तथा योजनालाई कार्यान्वयन गर्न आम गुराँसबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनी, गाउँ कार्यपालिकाका पदाधिकारी र सदस्य, गाउँ सभाका पदाधिकारी र सदस्य, सबै जिम्मेवार राजनीतिक दल, समाजसेवी, सामाजिक कार्यकर्ता, सबै सरकारी निकाय, प्रमुख प्रशासकीय अधिकृत लगाएत गुराँससेवक कर्मचारी मित्रहरू र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट समन्वय, सहयोग र सहकार्य प्राप्त हुनेछ भन्ने विश्वास लिँदै आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम यस सम्मानीत गुराँस गाउँसभा समक्ष पेश गर्दछु ।

गुराँस गाउँपालिका